स्थिर सरकार नबनेकाले मुलुकमा विकासले... | पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २६ • अंक २५ • २०८१ साल जेठ ३१ गते विहीबार (13 Jun, Thursday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

## सर्वोच्चले प्रदेश सरकारसंग सोध्यो कारण

**टुडे समाचारदाता**

काठमाण्डु । सर्वोच्च अदालतले मधेश प्रदेशका प्रदेश सांसदलाई रकम वितरण गर्ने भनी मन्त्रिपरिषद्ले गरेको निर्णयका सम्बन्धमा कारण पेश गर्न आदेश गरेको छ। न्यायाधीश शारङ्गा सुवेदीको एकल इजलासले कारण देखाऊ आदेशसहित लिखित जवाफ पनि मगाउने आदेश गरेको छ।

रकम वितरण गर्ने निर्णयविरुद्ध मधेश प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई विपक्षी बनाइ मनिषकुमार मण्डल, पारितोषकुमार साह र आबिद हुसैनले रिट दर्ता गराएका थिए।

उक्त रिटमा पहिलो सुनुवाइ गर्दै सर्वोच्चले किन र के आधारमा रकम वितरण गर्न लागिएको हो भन्ने कारणसहित लिखित जवाफ पेश गर्न भन्दै अर्को सुनुवाइमा छलफलका लागि उपस्थित हुन आदेश गरेको छ।

सर्वोच्चले दुवै पक्षलाई अन्तरिम आदेश जारी गर्ने विषयमा छलफलका लागि अर्को सुनुवाईमा उपस्थित हुन पनि भनेको छ।

जनमत पार्टीका नेता सतिश सिंहको नेतृत्वमा गठित मधेश प्रदेश मन्त्रिपरिषद्को पहिलो बैठकले प्रत्यक्ष निर्वाचित सांसदलाई पाँच करोड र समानुपातिक सांसदलाई एक करोड ५० लाखको योजना दिने निर्णय गरेको थियो।

सिंहको पहिलो निर्णय नै न्यायिक परीक्षणमा गएको छ। रिटमा उक्त निर्णय शक्ति पृथकीकरणको सिद्धान्त विपरीत रहेको भन्दै निर्णय बदर गरी परमादेशको आदेश जारी गर्न माग गरिएको छ।

# जसपा अध्यक्षमा यादव निर्विरोध

## १३ सय प्रतिनिधि, ३ सय भन्दा बढी उम्मेदवार, केही निर्वाचित, आज मतदान

**किरण कर्ण**

जनकपुरधाम। जनता समाजवादी पार्टी (जसपा) नेपालको एकताको प्रथम राष्ट्रिय महाधिवेशनमा अध्यक्ष पदमा उपेन्द्र यादव निर्विरोध निर्वाचित भएका छन्। अध्यक्ष पदमा एकल उम्मेदवारी परेकाले उनी निर्विरोध भएका छन् । तर निर्वाचन समितिले आधिकारीक रुपमा घोषणा गरिसकेको छैन्।

महाधिवेशनले २० जना पदाधिकारीसहित २ सय १ सदस्यीय केन्द्रीय समिति गठन गर्नेछ। सबै पदमा निर्वाचन प्रकृयाबाट नै चयन हुनुपर्ने नयाँ विधानमा व्यवस्था गरिएपछि सबै पदमा उम्मेदवारी परेको छ।

एक जना सहअध्यक्ष पदका लागि राजकिशोर यादव, रकम चेम्जोंग र लालबाबु राउतले उम्मेदवारी दिएका छन्।

अध्यक्षको उत्तराधिकारी पदको रुपमा हेरिएको सहअध्यक्षका उम्मेदवार लालबाबु राउतको पक्षमा फुटेर गठन भएको जनता समाजवादी पार्टी(जसपा)की सहअध्यक्ष रेणु यादव पनि देखिएकी छन्। पार्टी छाडेर गए पनि चुनावलाई उनले चासोका साथ लिएकी छन्।

महिलासहित ६ जना उपाध्यक्षका लागि १७ जना खुल्ला र ६ जना महिलाले उम्मेदवारी दिएकी छन्।

उपाध्यक्षतर्फ खुल्लामा मृगेन्द्र कुमार सिंह, हरिनारायाण यादव, आङ देन्डी शेर्पा, विद्युत बज्राचार्य, अर्जुन थापा, गोविन्द चौधरी, शिवलाल थापा मगर, सरोजकुमार यादव, मोहम्मद खालिद, प्रकाश अधिकारी, बच्चा राउत अहिर, सुरेन्द्र प्रसाद कुर्मी, रामबचन अहिर यादव, मानध्वज बलोन, अमरेश नारायण झा, राजन केसी र सुमन कुमार चौधरीको उम्मेदवारी परेको छ।

त्यस्तै उपाध्यक्ष महिलातर्फ रेखा यादव, शोभा देवी, लिलादेवी सिटौला, शोभा देवी , सुनी लामा, सविता यादव र राधा थापाको उम्मेदवारी परेको निर्वाचन समितिले जनाएको छ।

२ जना महासचिवका लागि विजय कुमार यादव, बोमबहादुर दर्लामी मगर, रामकुमार शर्मा, मनिष सुमन र अशोक कुमार यादवले मनोनयन दर्ता गराएका छन्।

त्यसैगरि उपमहासचिवमा खुलातर्फ ९ र महिलातर्फ ३ जनाले उम्मेदवारी दिएका छन्। खुलातर्फ उपमहासचिवमा सुरेन्द्र कुमार यादव, रामबाबु प्रसाद यादव, रामकिशोर यादव, राजकुमार राई, योगेन्द्र राय यादव, शैलेन्द्र प्रसाद साह, सुरेश कुमार मण्डल, जयप्रकाश राई र जयराम यादवको उम्मेदवार परेको छ। महिलातर्फको उपमहासचिवमा सीताकुमारी यादव, विनिता कुमारी यादव र निर्मला यादवले उम्मेदवारी दिएकी छन्।

त्यसैगरि खुला ७ सचिव पदका लागि ३४ जनाको उम्मेदवारी परेको निर्वाचन समितिले जनाएको छ। सचिवमा खुलातर्फ शेख अब्दुल कलाम, प्रमोद साह, राजकुमार गुप्ता, रामबाबु कुमार यादव, धिरेन्द्र यादव, सरोज सिंह कुशवाहा, विकास कुमार तिवारी, प्रभुराम श्रेष्ठ, रामकुमार मण्डल, वीरेन्द्र प्रधान, लाक्पा शेर्पा, अशेश्वर यादव, अशोककुमार यादव, कमरुदिन राई, कृष्ण कुमार राई, देवबहादुर दुरा, भरत महतो, भीमबहादुर थापा, महाजन यादव, विन्देश्वर यादव, चन्देश्वर पासवान, विश्वनाथ राउत, संजयकुमार सिंह, विजय कुमार दनुवार, चन्देश्वर प्रसाद सिंह, पूर्णबहादुर बस्नेत, सिंहबहादुर लामा, रमेशचन्द्र प्रधानले उम्मेदवारी दिएका छन्।

त्यसैगरि महिला सचिवमा दिना लामा, रसना यादव, उषाकुमारी यादव, तारा विश्वकर्मा, प्रमिला यादव र सुरिता कुमारी साहको उम्मेदवारी परेकोछ।

एक जना कोषाध्यक्ष पदका लागि रेणु कुमारी यादव, सञ्जय कुमार यादव र बलराम महतोले उम्मेदवारी दर्ता गराएका छन्।

सोमवार उद्घाटन भएको महाधिवेशनको अन्तिम दिन बुधबार विहानदेखि नै मनोनयन दर्ता गरिए पनि अन्तिम नामावली प्रकाशन गरिएको छ। निर्वाचन कार्यतालिका अनुसार अपरान्ह ४ बजेदेखि मतदानको समय तोकिए पनि उम्मेदवारहरूको अन्तिम नामावली ८ घण्टापछि प्रकाशन गर्दा मतदान प्रक्रिया धकेलिएको छ।

अन्य १ सय ८१ केन्द्रीय सदस्य पदका लागि विभिन्न क्लस्टरमा उम्मेदवारी परेको निर्वाचन समितिले जनाएको छ।

सातवटै प्रदेशबाट कलस्टर अनुसार खुल्ला तर्फ ७५ जनाले उम्मेदवारी दिएका छन्। महिला तर्फ ३७ जनाको उम्मेदवारी परेको छ।

केन्द्रीय सदस्यमा खुल्ला तर्फ ६० जना, दलित तर्फ १० जना पुरुष र ५ जना महिला, थारु तर्फ ४ जना र ३ जना महिला, खस आर्य तर्फ १० जना पुरुष र ५ जना महिलाको उम्मेदवारी परेको छ।

मधेशी तर्फ खुल्लामा ४० जना पुरुष र १२ महिलाले उम्मेदवारी दिएकी छन् । आदिवासी जनजाति तर्फ ३१ जना पुरुष र ११ जना महिलाको उम्मेदवारी परेको निर्वाचन समितिले जनाएको छ । मुसलमान पुरुष तर्फ ११ जनाको उम्मेदवारी परेको छ।

त्यसैगरि अपांग,अल्पसंख्यक तर्फ २ जना पुरुष र १ जना महिलाले उम्मेदवारी दिएकी छन्। प्रवास तर्फ १ जनाको मात्र उम्मेदवारी परेकाले निर्विरोध भएको छ।

राति ९ बजे सम्म उम्मेदवारहरुको नामावलीमाथि दावी बिरोध लगायतका प्रक्रिया सुरु भएको छैन्। अन्तिम नामावली समेत प्रकाशन हुन नसकेकाले मतदान प्रकृया बिहीबार बिहान सुरु हुने बताइएको छ।

पार्टीको विधान र निर्देशिकालाई राम्ररी अध्ययन गरी उम्मेदवारी नदिएकाले कलस्टरगत उम्मेदवारीमा केही रद्द पनि भएकाले केही निर्विरोध भएको बताइएको छ।

निर्वाचन स्थल राति सुनसान भएको थियो। उम्मेदवार र प्रतिनिधि होटेलहरुमा छलफलमा लागेका छन्। तर धेरैले मतदान हुनेमा आशंका व्यक्त गरेका छन् ।



पार्टीलाई सर्वसम्मतबाट नेतृत्व चयन गर्न ठोस पहल गर्न अध्यक्ष यादवमाथि दवाव बढन थालेको छ।

पार्टी छाडिसकेका नेताहरुले पनि आफ्ना सहयोगीहरुको उम्मेदवारी र प्रचारप्रसारमा चासो देखाएका छन्। जसपा बनेका केही नेताहरुले आ-आफ्ना जिल्लाका प्रतिनिधिहरुलाई सम्पर्क गरी मतदानका लागि आग्रह गरिरहेका छन् । केहीले सामाजिक सञ्जालबाट नै प्रचार गरिरहेका छन्।






# धनुषा प्रहरीको मोवाईल पसल संचालकसंग अन्तरक्रिया



टुडे समाचारदाता

जनकपुरधाम । धनुषा प्रहरीले मोबाइल चोरी तथा साइवर अपराध लगायतको विषयमा जनकपुरधामका मोवाईल तथा रिपेरिङ्ग सेन्टरका संचालकहरुसंग बुधबार अन्तरक्रिया गरेको छ।

जिल्ला प्रहरी कार्यालय धनुषाको सभाकक्षमा आयोजना गरिएको अन्तरक्रिया कार्यक्रममा जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरी उपरिक्षक भुवनेश्वर तिवारीले मोवाईल चोरी तथा साइवर अपराध सम्वन्धि सेन्टरका संचालकहरुसंग अन्तरक्रिया गरेका थिए । अन्तरक्रिया पश्चात विभिन्न निर्णय गर्दै सोहि अनुसार पालना गर्न धनुषा प्रहरीले अनुरोध समेत गरेको छ। धनुषा प्रहरीले मोवाईल पसल व्यवसायी संघको सहकार्यमा संचालकहरु र जिल्ला प्रहरी कार्यालय धनुषाको व्हाटसएप ग्रुप बनाई शंकास्पद कार्यहरु आदान प्रदान गरिने निर्णय गरेको छ।

त्यसैगरि प्रत्येक मोवाईल पसलमा अनिवार्य सिसि टिभी क्यामरा जडान गर्ने र पसलमा मोवाईल विक्री गर्दा लक अनलक गर्न आउने सेवाग्राहीको नाम र फोन नम्वर सहितको अभिलेख राख्ने निर्णय गरिएको छ। विलविजक नभएका मोवाईलहरु किनवेच नगर्ने र चोरी भएका मोवाईलहरु बेचविखन गर्न आएमा प्रहरीको हटलाईन एकसयमा जानकारि दिन लगायतको निर्णय गरिएको प्रहरीले जनाएको छ। अन्तरक्रियामा जनकपुरधाम नगरभित्रका चालीस जना संचालकहरुको सहभागीता रहेको थियो।

# दलित विकास समितिलाई स्वतन्त्र निकायकोरुपमा स्थापना गर्नुपर्नेमा जोड



टुडे समाचारदाता

जनकपुरधाम। मधेश प्रदेश सरकारले दलित सशक्तीकरण ऐन २०७६ अन्तर्गत गठित दलित विकास समितिलाई एक स्वतन्त्र निकायको रुपमा स्थापना गर्नुपर्ने र समितिको नेतृत्व दलित समुदायबाटै हुनुपर्ने एक कार्यक्रमका वक्ताहरुले जोड दिएका छन्।

दलित सरोकार मञ्च नेपाल,कञ्चनरुप नगरपालिका ८ सप्तरीले बुधबार जनकपुरमा दलित सशक्तीकरण ऐन २०७६को उत्तर–विधायिकी परीक्षण सम्बबन्धी छलफल कार्यक्रमका वक्ताहरुले सो कुरामा जोड दिएका हुन्।

कार्यक्रममा मधेश मामिलाका एवं राजनीतिक विश्लेषक तुलानारायण साहले ‘दलित सशक्तिकरण ऐन, २०७६ : एक अवस्था विश्लेषण ’ विषयमा प्रस्तुती गरेका थिए। विश्लेषक साहले गैरदलित समुदायका पदाधिकारीहरुको लागि दलितसँग सम्बन्धित सवालहरु प्राथमिकतामा नपर्ने भएकोले समितिको संरचनामा परिमार्जन आवश्यक रहेको बताएका थिए । उक्त ऐनले मुख्यमन्त्रीको नेतृत्वमा प्रदेश स्तरीय जातिय विभेद तथा छुवाछुत अनुगमन समिति गठन गर्ने व्यवस्था गरेपनि ५ बर्षमा ३ पटक मात्रै बैठक बसेकोबताउँदै विश्लेषक साहले भने,‘मुख्यमन्त्रीको अध्यक्षता भएको र मुख्यमन्त्री धेरै कामको जिम्मेवारीमा रहेको कारण यो समिति क्रियाशील हुननसकेको छैन। तसर्थ यसमा मुख्यमन्त्रीलाई अध्यक्षमा नराख्दा बेस।’

प्रदेश प्रहरी कार्यालयमा रहने गरी प्रदेश स्तरीय जातिय विभेद तथा छुवाछुत नियन्त्रण इकाईमा दलित समुदायका यौनिक अल्पसंख्यक भएको व्यक्तिलाई अनिवार्य राख्नु पर्ने र १३६ वटै पालिकामा अनिवार्य गठन हुनु पर्ने यो समिति गठन गराई यसको कार्यान्वयनको लागि आवश्यक कार्यविधि बनाउने तथा समितिका पदाधिकारीहरुलाई काम कर्तव्य र अधिकारबारे अभिमुखकरण तालिम दिनुपर्ने साहले सुझाब दिएका छन्।

ऐनमा प्रदेश स्तरीय जातिय विभेद तथा छुवाछुत अनुगमन समिति,पालिका तहमा स्थानिय जातिय विभेद तथा छुवाछुत अनुगमन समिति,प्रदेश तहमा दलित विकास समिति र प्रहरी कार्यालयमा जातिय विभेद तथा छुवाछुत नियन्त्रण इकाई रहने व्यवस्था गरिएको छ। तर स्थानीय अनुगमन समितिबाहेक प्रदेश स्तरका तीनवटै समितिहरु बनेका छन् । तर राजनीतिक परिवर्तनको ठूलो असर यसमा पनि पर्दो रहेछ।

उक्त ऐनमा नीतिगत सिफारिस,जनचेतना तथा नागरिक शिक्षा,पैरवी तथा समन्वयन,अनुसन्धान तथा अनवेषण,गुनासो सुनवाई,सामाजिक सुरक्षा तथा रासन,योजना तर्जुमाको लागि अन्तरसरकार संयोजन तथा अभियान,जातीय भेदभाव तथा छुवाछुत नियन्त्रणको लागि आन्तरिक अनुगमन व्यवस्था गरिएपनि यस विषयमा प्रगति भएको कुनै ठोस प्रमाण पाइएको छैन।

ऐनले यस प्रदेशका दलित विद्यार्थीहरुका लागि शैक्षिक छात्रवृति,सहुलियत स्वास्थ्य सेवा,रासन कार्डको व्यवस्था,सुरक्षा तथा गुनासो सुनवाई संयन्त्र व्यवस्था गरेको छ । दलित सशक्तिकरण ऐनको कार्यान्वयन गर्ने दलित विकास समिति एक महत्वपूर्ण निकाय भएपनि यो समितिमा प्रयाप्त मानव संसाधन तथा बजेटको अभाव छ। उपलब्ध जनशक्तिसँग दलितको सवालमा काम गर्न कुनै विशेष प्रकारको सिप तथा तालिम प्रदान गरिएको छैन।

कार्यक्रममा दलित सरोकार मञ्चका कार्यकारी निर्देशक भोला पासवानले पालिका तहमा गठन गर्नुपर्ने स्थानिय जातिय विभेद तथा छुवाछुत अनुगमन समिति अहिलेसम्म मधेश प्रदेशको १३६ पालिकामध्ये ३५ ओटामा मात्रै बनेको र बनेको समिति पनि ऐन अनुसार गठन नभएको,समितिबारे स्वयम समितिका सदस्यहरु अनविज्ञ रहेको र पालिकाका प्रमुखहरु समेत बेवास्ता गरेको जनाएका थिए।

कार्यक्रममा परसुराम मेघी गरुङ्गले उत्तरबिधायिकी परीक्षण वारे छलफल प्रस्तुती गरेका थिए । कार्यक्रममा मधेश प्रदेश अन्र्तगतका महिला,बालबालिका तथा समाजिक समितिका संयोजक रुपा यादब उक्त समितिका सचिव चन्दन ठाकुर,प्रदेश सांसद सकुन्तीदेवी महरा,दलित अगुवाहरुका सहभागिता रहेको थियो।

# शतप्रतिशत नतिजा प्राप्त हुने गरी क्रियाशील हुन प्रधानमन्त्री दाहालको निर्देशन



काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले आगामी आर्थिक वर्षदेखि सबै राष्ट्रसेवकहरूकोनतिजासूचकसहितको कार्यसम्पादनमा आधारित मूल्याङ्कन प्रणालीको विकास गरी कार्यान्यवन गर्न निर्देशन दिनुभएको छ।

सिंहदरबारमा बुधबार आयोजित चालु आर्थिक वर्षको तेस्रो त्रैमासिक प्रगति समीक्षा तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति बैठकमा उहाँले सबैको कार्यसम्पादनस्तर र व्यवहारमा समेत रूपान्तरण आवश्यक भएको बताउनुभयो । “प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको गहन भूमिकालाई मध्यनजर गरी इमान्दारिता र कार्यकुशलतापूर्वक कार्यसम्पादनमा जुट्न सबैमा आह्वान गर्दछु,” प्रधानमन्त्री दाहालले भन्नुभयो, “यस कार्यालयलाई शासकीय मामिलाको वास्तविक केन्द्र बनाउने हो, ताली पड्काउने, हजुर, हस्, भइहाल्छ जस्ता भाष्य मात्र होइन, हामी सबैको कार्यसम्पादनस्तर र व्यवहारमा समेत रूपान्तरण आवश्यक छ।”

प्रधानमन्त्री दाहालले चालु आर्थिक वर्षका बाँकी कार्यक्रम र क्रियाकलापको कार्यान्वयनमा विशेष ध्यान दिई शतप्रतिशत नतिजा प्राप्त हुने गरी क्रियाशील हुन र आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम तथा बजेट प्रभावकारी कार्यान्वयनका लागि आवश्यक पूर्वतयारीका काम समयमै सम्पादन गर्न निर्देशन दिनुभयो । तोकिएको समयमा निर्धारित लक्ष्यअनुरूपको नतिजा हासिल गर्न कर्मचारी वर्गको क्रियाशीलता आवश्यक रहेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले कार्यरत तहअनुसार कर्मचारीको क्षमता विकास गर्नुका साथै उत्प्रेरणा तथा मनोबल बढाउँदै लगिने बताउनुभयो।

मन्त्रिपरिषद्को कार्यालय र मातहत निकायको कार्यसम्पादनस्तर, नतिजा र गुणस्तरलाई राष्ट्रिय मानकका रूपमा स्थापित गर्नुपर्ने आवश्यकता औँल्याउँदै उहाँले मुलुकको कार्यकारी मुख्यालयको समग्र छवि र प्रगतिमा सरकारको कार्यसम्पादनस्तर प्रतिविम्बित हुने भएकाले त्यस विषयमा ध्यान दिनुपर्ने बताउनुभयो।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई आवश्यकताभन्दा बढी कर्मचारी थन्काउने निकायको रूपमा नभइ विज्ञता र क्षमता उपयोग गर्ने थलो बनाउनुपर्नेमा जोड दिँदै उहाँले यस विषयमा नेतृत्वदायी भूमिकासहित आवश्यक प्रबन्ध गर्न मुख्य सचिव र सचिवहरूलाई निर्देशन दिनुभयो।

प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गरी काम गर्नुपर्नेमा जोड दिँदै उहाँले योजना तथा कार्यक्रम समयमा कार्यान्वयन गर्न र प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गरी समयमा सूचना प्राप्ति, सूचनाको गहन विश्लेषण र समस्या समाधानका लागि सकारात्मक हस्तक्षेप गर्नुपर्ने जरुरी रहेको पनि उहाँले बताउनुभयो। प्रधानमन्त्री दाहालले भन्नुभयो, “समग्र कार्यसम्पादनबाट निरास हुनुपर्ने अवस्था नभए पनि तोकिएको कार्यक्रम तथा सूचकमा पूर्ण उपलब्धि हासिल गर्न थप मेहनतको आवश्यक छ।” उहाँले कार्यान्वयन र अनुगमन गर्नका लागि कार्यालय तथा मातहतका निकायका प्रमुखले विशेष योजना तयार गरी कार्यान्वयन गर्नुपर्ने बताउनुभयो।

बैठकमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र मातहतका निकायहरुको चालु आर्थिक वर्षको तेस्रो त्रैमासिक अवधिसम्मको प्रगति, कार्यान्वयनमा देखिएका समस्या र चुनातीका सम्बन्धमा प्रतिवेदन प्रस्तुत गरिएका थिए।

प्रस्तुतिका क्रममा मन्त्रिपरिषद् कार्यालयका सचिव तथा अन्तर्गतका निकायका प्रमुख एवं प्रतिनिधिले आआफ्नो धारणा राख्नुभएको प्रधानमन्त्री कार्यालयका प्रवक्ता प्रेमप्रसाद आचार्यले जानकारी दिनुभयो।

बैठकमा प्रधानमन्त्रीका सल्लाहकार, मुख्यसचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय र मातहत निकायका सचिव तथा अन्य कर्मचारीको उपस्थिति थियो।रासस

# ४४ लाखको सामान बरामद



टुडे समाचारदाता

वीरगञ्ज । सशस्त्र प्रहरी बलले पर्सास्थित वीरगञ्ज महानगरपालिका-१९ बर्वा लगायत विभिन्न ठाउँबाट अवैध गोदाममा छापा मारेर ४४ लाख बढीको अवैध सामान नियन्त्रणमा लिएको छ।

सशस्त्र प्रहरीका सहप्रवक्ता डिएसपी शैलेन्द्र थापाले प्रस्तावित सीमा सुरक्षा गुल्म वीरगञ्जबाट सशस्त्र प्रहरी नायब उपरीक्षक सुरज रिजालको कमान्डमा खटिएको सुरक्षा फौजले वीरगञ्ज भन्सार कार्यालयका कर्मचारी समेतको उपस्थितिमा अवैध रूपले राखिएको गोदाममा छापा मारेको जानकारी दिए। उनका अनुसार सो क्रममा सौन्दर्य क्रिम, मुङ दाल, मोटर पार्टर्स तथा अन्य अवैध सामान बरामद गरेको छ।

बरामद सामानमा १४ लाख ५९ हजार दुई सय रुपैयाँ बराबरको लेक्मी ब्राण्डको क्रिम, १४ हजार पाँच सय ९२ पिस, सोही ब्राण्डको आठ लाख ६ हजार चार सय रुपैयाँ बराबरको १६ हजार एक सय २८ पिस क्रिम रहेको छ। यस्तै, मानिस कोही नबस्ने सोही महानगरपालिकाको अर्को एक घरमा अवैध रूपले गोदाम गरी राखिएको ६ लाख रुपैयाँ बराबरको तीन हजार किलो दाल समेत बरामद भएको छ।

यसैगरी, मङ्गलबार राति नै सोही गुल्मले वीरगञ्ज महानगरपालिका-१० बाट अवैध रूपमा राखिएको ११ लाख रुपैयाँ बराबरको मोटर पार्टर्स र १० लाख ७५ हजार मूल्य बराबरको किराना सामान समेत बरामद गरेको छ।

बरामद सामान बुधबार बिहान आवश्यक अनुसन्धान तथा कारबाहीका लागि वीरगञ्ज भन्सार कार्यालय पर्सामा बुझाइएको छ। यसैबिच पछिल्लो एक हप्ताको बीचमा सशस्त्र प्रहरी बल नेपालका विभिन्न युनिटले करिब तीन करोड मूल्य बराबरको अवैध सामान बरामद गरी आवश्यक कारबाहीका लागि सम्बन्धित निकायमा बुझाएको सहप्रवक्ता थापाले बताए।

# उर्मिलाको अध्यक्षतामा महिला अधिकार मञ्च गठन

टुडे समाचारदाता

जनकपुरधाम । महिला सशक्तिकरण तथा समाजिक रुपान्तरणका लागि विभिन्न स्थानीय तहमा महिलाहरु एकजुट हुन थालेका छन्।

राज्यले महिलालाई दिएको हक, अधिकार, राज्यको हरेक निकायमा पहुँच, समानता, समता र सामाजिक न्यायका लागि भन्दै धनुषाको शहिदनगर नगरपालिकामा महिलाहरु दुई दिवसीय भेला गरेका छन्।



समाज उत्थान यूवा केन्द्रको आयोजनामा भएको सो भेलाबाट शहिदनगर नगरपालिकामा उर्मिला मण्डलको अध्यक्षतामा १९ सदस्यीय महिला अधिकार मञ्च गठन गरेको छ।

सो मञ्चको उपाध्यक्षमा मानकी देवी महरा, सचिवमा रेणु देवी साह, सहसचिवमा रञ्जु महरा र कोषाध्यक्षमा सरिता महरा रहेकी छन्।

त्यस्तै सदस्यहरुमा अनिषा कुमारी मण्डल, विदिया कुमारी दास, प्रियंकमा कुमारी पंजियार, चन्द्रा कुमारी दास, रिना कुमारी ठाकुर, घुरनी देवी मण्डल, मनश्री देवी महरा, गुबदी देवी महतो, सन्त कुमारी महरालगायतका रहेकी छन्।

सो महिला अधिकार मञ्चले पालिकामा रहेका महिलाहरुलाई क्षमता अभिवृद्धिका लागि तालिमको आयोजना तथा संयोजन गरिदिनका लागि समाज उत्थान यूवा केन्द्रलाई आग्रह गरेको अध्यक्ष उर्मिला मण्डलले जानकारी दिइन्।


## तपाईंको आज
पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : बौद्धिक क्षमता। |
| बृष | : प्रतिभा सम्पन्नता। |
| मिथून | : शिक्षामा उन्नति। |
| कर्कट | : पारिवाहिक सुख। |
| सिंह | : धन वृद्धि सञ्चय। |
| कन्या | : प्रेम प्रसंग, मित्र सुख। |
| तुला | : सुख समृद्धि हुने। |
| बृश्चिक | : भ्रमण अवसर हुने। |
| धनु | : अवसर प्राप्त। |
| मकर | : वाद विवादबाट बच्नु। |
| कुम्भ | : पुरस्कार प्राप्त लाभ। |
| मीन | : नयाँ कार्य हुने। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



**वीरगञ्ज महानगरपालिका ४** स्थित बिर्तामा तरकारी किन्दै सर्वसाधारण । यहाँ तरकारी अन्यत्र भन्दा सस्तोमा पाइने उपभोक्ता बताउँछन् । *तस्बिरः रासस*

# मधेशको नीति तथा कार्यक्रम विज्ञापन जस्तो : नेता महासेठ

**टुडे समाचारदाता**

जनकपुरधाम ।मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहको नेतृत्वमा प्रस्तुत गरिएको नीति तथा कार्यक्रमको जनमत पार्टीले जनमत छ भने सबै सम्भव छ भन्ने समाजीक संजालमा राखेको पोस्ट प्रति राष्ट्रिय मुक्ती क्रान्तिका नेता अनिल महासेठले यो जनमतको मात्रै नभई गठवन्धनको सरकारले ल्याएको भनेर टिप्पणी गरेका छन् । उनले समाजीक संजालमा टिप्पणी शेयर गर्दै मुख्यमन्त्री सिंहको नेतृत्वमा प्रदेश सरकारले नीति तथा कार्यक्रमको विषयमा जनमतले सब सम्भव छ भनेर आएको पोस्ट प्रति टिप्पणी गर्दै सुझाव समेत पेश गरेका छन् ।



नेता महासेठले नीति तथा कार्यक्रम गठवन्धन सरकारको हो कि एउटा कुनै पार्टीको भनेर प्रश्न तेर्साउदै उनले भनेका छन,एउटा पार्टीको हो भने जाबो एक थान त्यो पनि अरुले लिन नमानेको मन्त्रालयबाट सम्भव छ र ।उनले पोस्टमा अगाडी लेखेका छन्,जसरी प्रचार गरि दैछ,गठवन्धनको अरु दलको नेतृत्व गर्ने सिनियर मन्त्रीहरुले सहयोग गर्छ त भनेर प्रश्न तेर्साएका छन् ।

उनले प्रस्तुत गरिएको निती तथा कार्यक्रम पढदा कर्णप्रिय लाग्ने तर एउटा टिभीको विज्ञापनमा आए जस्तो मिलेंगे चार यार और..जस्तो देखिएको टिप्पणी गरेका छन् । मुख्यमन्त्रीको क्रिकेट प्रेम,एकजना यारको संचारक्षेत्र प्रति प्रेम,एकजना यारको भिजिट मधेशप्रतिको प्रेम,अरु एकजना यारको कृषि क्षेत्र प्रतिको प्रेम र अरु यारहरुको पनि छन होला भनेर टिप्पणी गरेका छन् । उनले आफनो पोस्टमा लेखेका छन,अब लोकतन्त्रमा विरोध गर्न पाईन्छ है हजुर,हिजो कसले गल्ती गरयो भनेर विरोध गरेर नया पार्टीहरु आएको हुन्छ,त्यस कारण पहिलाको किन विरोध गरेनौ भन्न पाईन्न ।

हिजोको सरकार कविलाको सरदारले चलाई राखेका थिए,सवैलाई जानकारिनै छहो,अब पनि बाझहरुले चलाउने हो भने मेरो केहि भन्नु छैन,उनले स्टाटसमा लेखेका छन्,अब हामी माथि पनि प्रश्न गर्न मन छ भने जुन दिन हामी सरकार बनाउछौ त्यो दिन गर्नु होला र गर्नुपनि पर्छ र पाईन्छ पनि ,लोकतन्त्रको सुन्दरता नै यहि हो,समाजलाई विश्वविद्यालयबाट पढेकाहरुबाट अलिक बढि अपेक्षा हुन्छ नै ।

# दलित विकास समितिलाई स्वतन्त्र बनाउनुपर्नेमा जोड

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारले दलित सशक्तिकरण ऐन २०७६ अन्तर्गत गठन गरिएको दलित विकास समितिलाई स्वतन्त्र निकायको रुपमा स्थापना गर्नुपर्नेमा वक्ताहरुले जोड दिएका छन् ।

जनकपुरधाममा बुधबार दलित सरोकार मञ्च नेपाल सप्तरीले दलित सशक्तीकरण ऐन २०७६ को उत्तर–विधायिकी परीक्षण सम्बन्धी छलफल कार्यक्रमका बोल्दै अधिकारकर्मी तुलानारायण साहले गैरदलित समुदायका पदाधिकारीहरुको लागि दलितसँग सम्बन्धित सवालहरु प्राथमिकतामा नपर्ने भएकोले समितिको संरचनागतरुपमै परिमार्जन आवश्यक रहेको बताए ।





सो ऐनले मुख्यमन्त्रीको नेतृत्वमा प्रदेश स्तरीय जातिय विभेद तथा छुवाछुत अनुगमन समिति गठन गर्ने व्यवस्था गरे पनि ५ वर्षमा ३ पटक मात्रै बैठक बसेको बताउँदै उनले भने, 'मुख्यमन्त्रीको अध्यक्षता भएको र मुख्यमन्त्री धेरै कामको जिम्मेवारीमा रहेको कारण यो समिति क्रियाशील हुन सकेको छैन ।

त्यसैले यसमा मुख्यमन्त्रीलाई अध्यक्षमा नराख्नुपर्ने सुझाव उनले दिए । मधेश प्रदेश प्रहरी कार्यालयमा रहने गरी प्रदेशस्तरीय जातिय विभेद तथा छुवाछुत नियन्त्रण इकाइमा दलित समुदायका यौनिक अल्पसंख्यक भएको व्यक्तिलाई अनिवार्य राख्नु पर्ने र १३६ वटै पालिकामा अनिवार्य गठन हुनु पर्ने सो समिति गठन गराइ यसको कार्यान्वयनको लागि आवश्यक कार्यविधि बनाउने तथा समितिका पदाधिकारीहरुलाई काम कर्तव्य र अधिकारबारे अभिमुखिकरण तालिम दिनुपर्ने साहले सुझाव दिए ।

सो ऐनमा प्रदेश स्तरीय जातिय विभेद तथा छुवाछुत अनुगमन समिति, पालिका तहमा स्थानिय जातिय विभेद तथा छुवाछुत अनुगमन समिति, प्रदेश तहमा दलित विकास समिति र प्रहरी कार्यालयमा जातिय विभेद तथा छुवाछुत नियन्त्रण इकाई रहने व्यवस्था गरिएको छ । तर स्थानीय अनुगमन समिति बाहेक प्रदेश स्तरका तीन वटै समितिहरु बनेका छन् ।

सो ऐनमा नीतिगत सिफारिस, जनचेतना तथा नागरिक शिक्षा, पैरवी तथा समन्वयन, अनुसन्धान तथा अनवेषण, गुनासो सुनवाइ, सामाजिक सुरक्षा तथा रासन, योजना तर्जुमाको लागि अन्तरसरकार संयोजन तथा अभियान, जातिय भेदभाव तथा छुवाछुत नियन्त्रणको लागि आन्तरिक अनुगमन व्यवस्था गरिएपनि यस विषयमा प्रगति भएको कुनै ठोस प्रमाण पाइएको छैन । ऐनले यस प्रदेशका दलित विद्यार्थीहरुका लागि शैक्षिक छात्रवृति, सहुलियत स्वास्थ्य सेवा, रासन कार्डको व्यवस्था, सुरक्षा तथा गुनासो सुनवाई संयन्त्र व्यवस्था गरेको छ । दलित सशक्तिकरण ऐनको कार्यान्वयन गर्ने दलित विकास समिति एक महत्वपूर्ण निकाय भएपनि यो समितिमा प्रयाप्त मानव संसाधन तथा बजेटको अभाव रहेको छ ।

सो कार्यक्रममा दलित सरोकार मञ्चका कार्यकारी निर्देशक भोला पासवानले पालिका तहमा गठन गर्नुपर्ने स्थानिय जातिय विभेद तथा छुवाछुत अनुगमन समिति अहिलेसम्म ३५ वटामा पालिकामा मात्रै बन्न सकेको बताए ।

उनले बनेको समिति पनि ऐन अनुसार गठन नभएको, समितिबारे स्वयं समितिका सदस्यहरु अनभिज्ञ रहेको र पालिकाका प्रमुखहरुले समेत बेवास्ता गर्दै आएको बताए ।

सो कार्यक्रममा पूर्व राष्ट्रियसभा सदस्य परशुराम मेघी गरुङ्गले उत्तरविधायिकी परीक्षणबारे छलफल प्रस्तुति गरेका थिए ।

सो कार्यक्रममा मधेश प्रदेश अन्तर्गतका महिला, बालबालिका तथा समाजिक समितिका संयोजक रुपा यादब सो समितिका सचिव चन्दन ठाकुर, प्रदेश सांसद सकुन्तीदेवी महरा, दलित अगुवालगायतकाहरुको सहभागिता रहेको थियो ।

# बलात्कार गरेर फरार युवक पक्राउ

**टुडे समाचारदाता**

मलंगवा । सडकमा बेवारिसे भएर हिंड्ने महिलालाई जबरजस्तीकरणी गरेर फरार रहेका एक युवकलाई प्रहरीले सर्लाहीको जिरायतबाट पक्राउ गरेको छ ।

जेठ १३ गते बागमती नगरपालिका-४, जिरायतस्थित डाँडाटोलदेखि नयाँबस्तीतर्फ जाने सडक किनारमा एक महिला अचेत अवस्थामा फेला परेको थियो । अन्दाजी ३५ वर्षीया ती महिलालाई तत्कालै प्रहरी पुगेर उद्धार गऱ्यो ।

महिलालाई प्रादेशिक अस्पताल मलङ्गवा लगेर उपचार गराउँदा आफूमाथि जबरजस्तीकरणी भएको बताइन् । त्यसपछि घटनाको अनुसन्धानमा जुटेको प्रहरीले जबरजस्तीकरणीमा संलग्न बसबरिया गाउँपालिका-३, भवानीपुर मुसहरी टोल बस्ने ३५ वर्षीय रमण माझीलाई पक्राउ गरेको छ ।

माझीलाई बागमती नगरपालिका-४, स्थित मगर टोल-जिरायत सडकमा हिँडिरहेको अवस्थामा पक्राउ गरी अनुसन्धान अघि बढाइएको इलाका प्रहरी कार्यालय हरिवनले जनाएको छ । माझीले अपराध स्वीकार गरेका प्रहरीको दाबी छ ।

जिरायत क्षेत्रमा मजदुरीको काम गर्ने माझीविरुद्ध सर्लाही जिल्ला अदालतबाट सात दिनको म्याद थप गरी अनुसन्धान भइरहेको इलाका प्रहरी कार्यालय हरिवनका प्रहरी निरीक्षक अनिलराज गिरीले जानकारी दिए । उनका अनुसार सिसी टिभी फुटेजका आधारमा अनुसन्धान गर्दै जाँदा माझीको उक्त घटनामा संलग्नता रहेको पुष्टि भएपछि नियन्त्रणमा लिइएको छ ।

पीडित महिलाको अहिले एकद्वार सङ्कट व्यवस्थापन केन्द्र (ओसिएमसी) वीरगञ्जमा उपचार भइरहेको हरिवनका प्रहरी निरीक्षक गिरीले बताए । मानसिक सन्तुलक ठिक नरहेको पीडित महिलाले आफ्नो घर सप्तरी बताए पनि यकिन हुन

# औषधी अभावमा स्वास्थ्य बीमा बन्द

**टुडे समाचारदाता**

गौर । रौतहटको चन्द्रपुर नगरपालिकामा रहेको चन्द्रनिगाहपुर सरकारी अस्पतालमा सञ्चालित स्वास्थ्य बीमा कार्यक्रम दुई सातादेखि बन्द रहँदा बिमित स्वास्थ्य सुविधा पाउनबाट वञ्चित भएका छन् ।

अस्पतालमा स्वास्थ्य बीमा कार्यक्रमअन्तर्गत निःशुल्क पाइने औषधीको अभावले गर्दा बीमा फाँट नै बन्द भएपछि बिमित स्वास्थ्य सुविधा पाउनबाट वञ्चित भएका छन् ।



अस्पतालमा दैनिक एक सयदेखि एक सय ३० जना बिमितले स्वास्थ्य सेवा लिँदै आएका अभिलेख छ । औषधी अभावले गर्दा बीमा फाँट नै बन्द भएपछि बाहिरको औषधी पसलमा महँगोमा औषधी किन्न बाध्य छन् बिमित ।

नेपालको संविधानले आधारभूत स्वास्थ्य सेवालाई निःशुल्क र सामाजिक सुरक्षाको हक प्रदान गरेको छ । चन्द्रपुर-६ का पूर्व वडाध्यक्ष खड्ग बहादुर कुसुवारले भने, "सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमअन्तर्गत बीमा गर्ने कुनै पनि व्यक्तिले तोकिएको कुनै पनि अस्पतालबाट औषधी, ओपिडी सेवा, इमर्जेन्सी, ल्याब, सामान्य अपरेसनलगायतका उपचार प्राप्त गर्न सक्ने व्यवस्था हुँदा पनि चन्द्रनिगाहपुर अस्पतालमा सञ्चालित स्वास्थ्य बीमा कार्यक्रम औषधी अभाव मै बन्द रहनु जनस्वास्थ्यमा खेलबाड गर्नु नै हो ।"

यता अस्पतालका डाक्टर तथा 'बिमाफोकल पर्सन'रुपेश साहले बीमाबाट वितरण गरिने औषधीको लागि दरभाउ पत्र प्रकाशन गर्न र त्यसको प्रक्रिया पुऱ्याउन अधिक समय लाग्ने गरेको कारण समयमा औषधी खरिद हुन नसकेकोले बीमा कार्यक्रम प्रभावित बनेको बताए । साथै निःशुल्क वितरण गर्दै आएको औषधीमा बीमा बोर्डको निर्णयअनुसार बिमितले पाउने औषधीको कुल मूल्यमा दश प्रतिशत शुल्क लाग्ने भएपछि त्यसको 'सफ्टवेयर' निर्माणमा भएको ढिलासुस्तीले पनि बीमा फाँट बन्दगर्नु परेको उनको भनाइ छ ।

प्राविधिक वा व्यवस्थापकीय जुनसुकै कारणले बीमा बन्द भए पनि यही जेठ १ दरभाउपत्र प्रकाशन गरी औषधी खरिदको जिम्मा पाएका संस्थाले अहिलेसम्म औषधी उपलब्ध नगराउँदा त्यसको मार सर्वसाधारण जनतामाथि पर्न गएको बिमितको गुनासो छ । अस्पतालमा औषधोपचारका लागि पुगेका चन्द्रपुर-७ नयाँ बस्तीका ६७ वर्षीय लक्ष्मी साह (बिमित) ले समयमा स्वास्थ्य सेवा नपाउने भएपछि बिमा गर्नुको के अर्थ रह्यो र भन्ने प्रति प्रश्न गरिन् ।

अस्पतालमा स्वास्थ्य विशेषज्ञको अभावले गर्दा संवेदनशील रोगका बिरामीले पाउनु पर्ने औषधी समेत पाएका छैनन् । मुटु रोग, माइग्रेन, श्वासप्रश्वासलगायतका बिरामीका लागि चाहिने आधारभूत औषधी बीमा कार्यक्रममा नभएको डा.साह बताउछन् ।

स्वास्थ्य बीमा ऐनले प्रत्येक नागरिकलाई स्वास्थ्य बीमा कार्यक्रममा आबद्ध भई स्वास्थ्य सेवा पाउने अधिकार सुनिश्चित गरेको छ । तर पनि सेवा प्रदायकले बिमित बिरामीलाई सहजरुपमा सेवा दिन नसक्नु, सेवाप्रदायक संस्थामा आवश्यक औषधी उपलब्ध नहुनु, जनतालाई स्वास्थ्य बीमा कार्यक्रमको फाइदा र कार्यक्रमको नियमबारे सूचित गराउन नसक्नु लगायतका कारणले स्वास्थ्य बीमा कार्यक्रममा जनताको उल्लेख्य सहभागिता हुन नसकेको जानकारहरू बताउँछन् ।

अस्पतालका सूचना अधिकारी दीपेन्द्र झाकाअनुसार यसै साताभित्र अस्पतालमा बीमा कार्यक्रमको औषधी उपलब्ध भई स्वास्थ्य सेवा प्रवाह हुनेछ ।

# बटेश्वर गाउँपालिकामा पाँच राजनीतिक दलले बुझाए ज्ञापनपत्र

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको बटेश्वर गाउँपालिकाका अध्यक्षको स्वेच्छाचारी विरुद्ध राजनीतिक दल आन्दोलित भएको छ ।

आन्दोलनस्वरुप बटेश्वर गाउँपालिकामा नेकपा एमाले, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, जनमत पार्टी र राप्रपाले संयूक्तरुपमा २० सुत्रिय मागसहितको ज्ञापन पत्र बुझाएको छ ।



जनप्रतिनिधिले भ्रष्टाचारलाई प्रोत्साहित गरेको र काँग्रेसका कार्यकर्तामुखी बजेट रहेको भन्दै पाँच दलले २० सुत्रीय मागसहित संघर्ष समितिका संयोजक रामप्रबोध महतको अगुवाईमा बटेश्वर गाउँपालिकाकी उपाध्याक्ष फुलकुमारी सिंहलाई ज्ञापनपत्र बुझाएका छन् ।

नदीको अवैध दोहन बन्द गर्नुपर्नेसहितका माग अघि सार्दै उनीहरुले आन्दोलनको चेतावनीसहित संयुक्त ज्ञापनपत्र बुझाएका छन् ।

विद्यालय, स्वास्थ्य चौकी र सार्वजनिक स्थलहरुमा यथासिघ्र शुद्ध खाने पानीको व्यवस्था गर्नुपर्ने, कमिसन खान गैर कानुनी ढंगले भइरहेको खोलाको अवैध उत्खनन बन्द गर्नुपर्ने, सिँचाइको लागि ईनार, स्यालोटियूवेल र डिप बोरिंगलगायत यथासिघ्र संचालनमा ल्याउनु पर्ने दलहरुको माग छ ।

सो ज्ञापनपत्र बुझाउन एमाले गाउँपालिका अध्यक्ष रामखेलावन महतो, मओवादीका पालिका अध्यक्ष पदम लामा, एकीकृत समाजवादीका पालिका अध्यक्ष रामअशिष महतो, जनमतका अध्यक्ष रामपरीक्षण महतो, राप्रपा अध्यक्ष बृजलाल महतोलगायत दर्जनौंको संख्यामा नेताकार्यकर्ता गाउँपालिका कार्यालय पुगेका थिए ।

पालिका अध्यक्ष रामअशिष महतो अनुपस्थित हुँदा पाँच दलले पालिका उपाध्यक्षलाई ज्ञापनपत्र बुझाएका थिए ।

पाँच राजनीतिक दलले बुझाएका मागहरु तत्काल पूरा नभएमा चरणवद्ध आन्दोलन गर्ने चेतावनीसमेत दिएका छन् ।

# आगलागीको सूक्ष्म अनुसन्धानको माग

**टुडे समाचारदाता**

राजविराज । राजविराज नगरपालिका-६ का ६५ वर्षीया बृद्धा लिलादेवी सरबरियाको घरमा मंगलबार राती आगलागी भएको छ ।

एकल महिला रहेकी उनी सो वडाकी दलित कोटाबाट निर्वाचित वडा सदस्य समेत छिन् । आगलागीबाट फुस र टिनले बनेको उनको दुई वटा घर जलेर



पूर्ण रुपमा खरानी भएको छ ।

राती ९ बजेतिर लागेको आगो राजविराज नगरपालिका र मधेश प्रदेश प्रहरी तालिम केन्द्रको बारुणयन्त्र, प्रहरी र स्थानीयवासीको सहयोगमा नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी ढुण्डिराज न्यौपानेले जानकारी दिए । उनले आगलागीको कारण भने खुल्न नसकेको जनाए ।

आगलागीले धान, गहुँ चामल, भाडाकुडा र फर्निचर सबै पूर्ण रुपमा जलेर नष्ट भई पाँच लाख भन्दा बढीको क्षति भएको प्रहरीको प्रारम्भिक अनुमान छ ।

यता वडाअध्यक्ष शशी चौधरीले उक्त घटना शंकास्पद भएको बताए । खाना खाएर ढोका बन्द गरी सरबरिया केही समयका लागि छिमेकीको घरमा टिभी हेर्न गएको बेला अचानक आगलागी हुनु शंकास्पद छ, वडाअध्यक्ष चौधरीले भने-'यसको सूक्ष्म अनुसन्धान हुनुपर्छ ।'

अग्निपीडित बृद्धा सरबरिया पनि कसैले पुरानो रिसइबीका कारण आगजनी गरेको हुन सक्ने आशंका व्यक्त गर्दै सो बारे छानबिन गर्न माग गर्दै प्रहरीमा उजुरी दिएको बताएकी छन् ।

उक्त घरमा सरबरिया एकलै बस्दै आएकी थिइन् । उनका दुई छोरा रोजगारका सिलसिलामा हाल भारतमा छन् । आगलागीले घरबारविहीन बनाएपछि उनको बिचल्ली भएको छ । प्रहरीले आगलागी घटनाबारे अनुसन्धान भइरहेको जनाएको छ ।


आउनुहोस ! पुण्यको भागी बन्नुहोस !!

शिव गंगा टुर्स एण्ड ट्राभल्सद्वारा संचालित


यही मिति २०८१/०२/१९ गते शनिवारका दिन

२×२ लक्जरी भिडियोकोच बस खुल्ने गइरहेको छ ।

विशेष यात्रा

थालेवाली माई, नैमिसारण, बनारस, काशी विश्वनाथ ज्योतीलिंग, विन्धयाचल माई, अष्ठभुजी दुर्गा माता, प्रयागराज संगम स्नान, चित्रकोट चारधाम, राम घाट, सतिअन्सुइया, गुप्त गोदावरी, मन्दाकनी, कामतगरी, तुल्सीदास घाट, गुप्तेश्वर गंगा, बागेश्वर बालाजी धाम, विन्दावन, गोकुल, मथुरा, गोबरधन, वरसाना, नन्दगाउँ, श्री शनि देव मन्दिर अयोध्याधाम, गोरखपुर, गोरखनाथ दर्शन पुजा गर्दै जनकपुरधाम सम्मको ९ दिनको यात्राको लागि प्रति व्यक्ति रु. ७,५००/- भारु (दुई छाक भोजन समेत) भाडा लाग्ने जानकारी गराईन्छ ।

सम्पर्क



प्रो. पोषण प्रसाद साह

जानकी चौक, जनकपुरधाम–१०

पल्टी माई मन्दिर सब्जी बजार

मो. ९८४४१३३१९५ (नेपाल)

मो. ८२७१०८६९९३ (भारत)



# विश्वका लगानीकर्तालाई नेपालमा लगानी गर्न अध्यक्ष ढकालको आग्रह

काठमाण्डु । नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले नेपालमा लगानीका लागि विश्वका लगानीकर्तालाई आग्रह गर्नुभएको छ ।

स्वीट्जरल्याण्डको जेनेभामा जारी एक सय १२ औं अन्तर्राष्ट्रिय श्रम सम्मेलनलाई नेपालको निजी क्षेत्रका तर्फबाट सम्बोधन गर्दै अध्यक्ष ढकालले सुमधुर श्रम सम्बन्ध, नेपाल सरकारले थालेको आर्थिक सुधार एवं भारत र चीनबीचको रणनीतिक बजारका कारण लगानीको वातावरण बन्दै गएकाले यसबाट लाभ लिन आग्रह गर्नुभयो ।नेपालका रोजगारदाता श्रमिक कर्मचारीको सामाजिक सुरक्षाप्रति संवेदनशील रहेका र दुवै पक्षको पहलमा असल श्रम सम्बन्ध विस्तार भइरहेकाले यसलाई दिगो राख्न औद्योगिक विस्तार आवश्यक रहेकोमा उहाँले जोड दिनुभयो । सम्बोधनका क्रममा उहाँले सामाजिक सुरक्षा, लैङ्गिक समानता र दिगो आयआर्जनका थप अवसर सिर्जना गर्न सम्मेलनमा सहभागी रोजगारदातालाई नेपालमा लगानी बढाउन आग्रह गर्नुभएको नेपाल उद्योग वाणिज्य महासङ्घद्वारा जारी विज्ञप्तिमा जनाइएको छ ।

भारतसँग १० हजार मेगावाट विद्युत् खरिद सम्झौता भएको र बङ्गलादेशसँग पनि यसबारे छलफल भइरहेको बताउँदै अध्यक्ष ढकालले नेपालमा उत्पादित बिजुलीको बजार सुनिश्चित भएकाले यस क्षेत्रमा लगानीको प्रचुर सम्भावना रहेको बताउनुभयो ।

यसैगरी भारत र चीनजस्ता धेरै जनसङ्ख्या भएका उदीयमान अर्थतन्त्रमा नागरिकको क्रयशक्ति बढेकाले नेपालका 'हिल स्टेसन' हरुमा पर्यटकीय पूर्वाधार विस्तारको सम्भावना रहेको पनि उहाँको भनाइ थियो । रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

### जसपाको राजनीतिक प्रतिवेदन

जनता समाजवादी पार्टी(जसपा )नेपालका अध्यक्ष उपेन्द्र यादवले तयार पारेको राजनीतिक प्रतिवेदन सर्वसम्मत पारित गरिएको छ । एकताको प्रथम राष्ट्रिय महाधिवेशनको पहिलो दिनको बन्द सत्रमा अध्यक्ष यादवले प्रस्तुत गरेको राजनीतिक प्रतिवेदनमाथि छलफल भए पनि संशोधन आवश्यक ठानिएन् । सर्वसम्मतबाट महाधिवेशनले पारित गरेको सो प्रतिवेदनमा विभिन्न राजनीतिक दलहरुको विषयमा जसपा नेपालको धारणा सार्वजनिक भएको छ । जसपा नेपालले नेपाली कांग्रेसलाई लोकतान्त्रिक र उदारवादी भनेको छ । तर पुरानो सोँचबाट माथि उठ्न नसकेको र अग्रगामी सोंच नभएको कांग्रेसलाई भनिएको छ । कांग्रेस हाल देशको सबै भन्दा ठूलो दल हो । तर दल भित्रको अन्तरकलह, नेतृत्व हस्तान्तरण लगायतका विषयमा निरन्तर भइरहने विवादले पार्टी राम्रो गति लिन नसकेको अवस्था यथार्थ हो । जसपाले पनि उसको लोकतान्त्रिक संस्कारलाई सकारात्मक भनेको छ । देशमा स्वायततासहितको संघीय प्रणाली स्थापना हुन नसक्नुमा कांग्रेस नै प्रमुख कारक रहेको जसपा नेपालको निष्कर्ष छ । जसपाले कांग्रेसलाई पहिचान, उत्पीडित जनताको मुक्ति र अधिकारको विपक्षमा रहेको आरोप लगाएको छ । तर कांग्रेस उदारवादी लोकतान्त्रिक शक्ति भएकाले लोकतन्त्र, राष्ट्रियता र विकासको विषयमा सहकार्य हुन सक्ने जसपाको बुझाइ छ । त्यसैगरि जसपा नेपालले नेकपा एमालेसहितका कम्युनिष्टहरु केही वर्ष अथवा एक दशक भित्र नै पतन हुने बताएको छ । जसपाको राजनीतिक प्रतिवेदनमा एमालेले लोकतन्त्रको निष्ठाप्रति शंका नगर्न भन्ने गरेको तर अर्को तर्फ कम्युनिष्टहरुबीच एकता र सामिप्यता बढाउने प्रयास पनि नछाडेको जनाएको छ । तर माओवादीले जनवादी गणतन्त्रलाई स्थगन गरी संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापनामा महत्वपूर्ण योगदान दिएको जसपाको निष्कर्ष छ । माओवादीले आफूलाई सर्वहारा भनेपनि पार्टीको आशा र भरोसा त्यसमा नरहेको प्रतिवेदनमा उल्लेख गरिएको छ । राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा), नागरिक उन्मुक्ति पार्टी( नाउपा)ले देशमा सुशासन, विकास र समृद्धिको कुरा गरे पनि विचार र एजेण्डा अझै प्रष्ट नभएको जसपा नेपालको राजनीतिक प्रतिवेदनमा उल्लेख छ । राष्ट्रिय प्रजातन्त्र पार्टी(राप्रपा)को विषयमा जसपा नेपालले राजावादी र पुराना सोँच भएको पार्टी रहेको ठहर गरेको छ । तर जसपा नेपालले सर्वाधिक समय सत्तासाझेदारी कांग्रेस, एमाले र माओवादीसित नै गरेको छ । चुनावी तालमेलमा एमाले, माओवादी र कांग्रेसलाई प्राथमिकतामा राखेको छ । जसपा नेपालले पनि आफूलाई मधेश र मधेशीको हितमा काम गर्ने र त्यसका लागि संघीय सरकारतिर नताक्ने ठोस निर्णय लिन सकेको छैन् । महाधिवेशनबाट जसपा नेपालले आफ्नो धारणा प्रष्ट गर्न सकेन् ।

# बढ्दैछ आत्महत्याको कहर छैन रोकथामको चासो

चन्द्रकला भण्डारी

कनकाई-१ सिर्जना टोलका ३४ वर्षीय रबिन बिक ऋण तिरेर परिवारलाई सुखले पाल्ने सपना साँचेर वैदेशिक रोजगारीमा जाने तरखरमा थिए । २०७८ भदौ ७ गते राति भएको भयानक घटनाले उनको सपना मात्रै टुङ्गिएन, सुन्दर परिवार नै सखाप भयो । भोलिपल्ट विहान छिमेकीले रबिन र उनकी २९ वर्षीया पत्नी मीना बिक र आठ महिने छोरी सबिना बिकलाई घरभित्रै पासो लागेर मृत्यु भएको दर्दनाक अवस्थामा भेटाए ।

उक्त घटनाको एक वर्ष नबित्दै झापाको कचनकबल गाउँपालिका-५ पाठामारीमा एउटै टोलका तीन किशोरीले सामूहिक आत्महत्या गरे । २०७९ साउन ८ गतेको घटना थियो । घर नजिकैको सुनकोशी चिया बगानमा मजदूरी गर्ने १६ वर्षीया करिना गणेश, १७ वर्षीया अञ्जलीप् गणेश र १६ वर्षीया कल्पना गणेश दिउँसो एकै समयमा घरबाट सम्पर्कविहीन भए । उनीहरुलाई केही घण्टापछि चिया बगानकै एउटा बयरको रुखको हाँगामा लहरै झुण्डिएर स्वमृत्युवरण गरेको अवस्थामा गाउँलेले फेला पारे ।

कचनकबल-४ मा छ महिनापछि अर्को आत्महत्याको भयानक घटना थपियो । प्रेम विवाह गरेको तीन महिनापछि एक जोडीले २०७९ माघ १० गतेका दिन स्थानीय एभरेस्ट चिया बगानभित्रको रुखमा एउटै पासो लगाएर आफ्नै प्राण हरण गरे । आत्महत्या गरेका जोडी थिए-२५ वर्षीय राजेशकुमार गणेश र १८ वर्षीया पवित्राकुमारी राजबंशी । उनीहरुले भागी विवाह गरेको केटी पक्षको परिवारलाई मन परेको थिएन । प्रहरीमा उजुरबाजुर चलेपछि दुबै जना बिछोडिएर आ-आफ्नो घरमा बस्दै आएका बेला अचानक दुबैले आत्महत्याको गलत बाटो रोजे ।

झापामा आत्महत्याको घटना डरलाग्दो रुपमा बढिरहेको छ। पछिल्लो समय कम उमेरका किशोरीहरुले समेत सानो निहुँमा सुन्दर जीवन आफैँ सिध्याएका घटना बढेपछि अभिभावकहरु झस्किन थालेका छन् । एक महिनाको अन्तरालमा दुई किशोरीले आत्महत्या गरेपछि रोकथामका लागि सामाजिक जनचेतना बढाउन गत साता मेचीनगरमा अभिभावकहरुले स्थानीय देबेन्द्र खरेलको संयोजकत्वमा सामुदायिक मानसिक स्वास्थ्य सरोकार समिति गठन गर्नुपर्यो । "आत्महत्याका घटना बढेर अति भइसक्यो, अब चुप लागेर बस्न हुँदैन भन्ने सोचेर सरोकार समिति गठनको निधोमा पुगेका हौं"-संयोजक खरेल भन्नुहुन्छ ।

आत्महत्याको शिकार भएका व्यक्तिका अभिभावकहरु पनि समितिमा जोडिएका छन् । पीडित अभिभावकका तर्फबाट मेचीनगर-७ का पुष्कर ढकाल, मेचीनगर-६ का जितबहादुर खड्का, मेचीनगर-८ का कृष्ण सुवेदी, मेचीनगर-८ का माण्डु धिमाल र मेचीनगर-६ की बिमला दाहाल समितिमा रहनु भएको छ । समितिले मेचीनगर नगरपालिकाकी उपप्रमुख मीना उप्रेतीलाई भेटेर नगरमा आत्महत्या रोकथामका लागि तत्काल कार्यक्रम ल्याउन माग गरेको छ ।

सत्र वर्षको किशोरी उमेरकी छोरी गुमाएकी पुष्कर ढकाल कम उमेरका बालबालिकालाई आत्महत्याबाट जोगाउन विद्यार्थी, अभिभावक र समुदायमा सचेतनामूलक कार्यक्रम ल्याउन आवश्यक रहेको बताउनुहुन्छ । "मैले जसरी अरु कसैले पनि कलिलो उमेरकी छोरी गुमाउनु नपरोस् भनेर म आफैँ जागरण अभियानमा होमिएको छु," उहाँले भन्नुभयो, "बच्चाहरुसँग हरेक आमाबाबुले नजिक हुनु पर्दोरहेछ । ताकी उनीहरुले आफ्ना दुःख, सुख र समस्याहरु सजिलै सुनाउन सकुन् । परिवार, समाज, जीवन र श्रम के हो भनेर बालबालिकालाई विद्यालय तहमै पढाउन र बुझाउन आवश्यक छ ।"

**घटना बढेको बढ्यै**

आत्महत्याबाट ज्यान गुमाउनेको तथ्यांक कहालिलाग्दो छ । झापामा विगत तीन वर्षमा ८७२ जनाले आत्महत्या गरिसकेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । जिल्ला प्रहरी कार्यालय झापाका सूचना अधिकारी कृष्णबहादुर चन्दका अनुसार आर्थिक वर्ष २०७८/७९ मा तीन सय १४ जनाले आत्महत्या गरेका थिए । जसमा पुरुष २२२ र महिला ९२ जना रहेका छन् । आव २०७९/८० मा ३१७ जनाले आत्महत्या गरेकोमा पुरुष एक सय ८८ र महिला एक सय २९ जना रहेका थिए । चालू आव २०८०/८१ को जेठ १८ गतेसम्ममा दुई सय ४१ जनाले आत्महत्या गरिसकेको सूचना अधिकारी चन्दले बताउनुभयो । जसमा पुरुष एक सय ५९ र महिला ८२ जना रहेका छन् ।जिल्लामा दैनिकजसो आत्महत्याका घटना हुने गरेका छन् । देशभरको बिगत तीन वर्षको तथ्यांक हेर्ने हो भने दैनिक औसत १९ जनासम्मले आत्महत्या गरेको देखिन्छ । आव २०७७/७८ मा देशभर सात हजार १४१ जनाले, आव २०७८/७९ मा सात हजार ९८७ जनाले र आव २०७९/८० मा छ हजार ९० जनाले आत्महत्या गरेका थिए ।

**आत्महत्याले उठिबास**

मेचीनगर-१० खयरडाँगीको कमला राजबंशीको परिवारमा आत्महत्याकै श्रृंखलाबद्ध घटनाका कारण उठिबास लागेको छ । वर्ष बिराएर परिवारका एक जनाले आत्महत्या गर्न थालेपछि हाल घरमा ताला लगाइएको छ । सामान्य ज्याला मजदूरी गरेर जीविका चलाइरहेको कमला राजबंशीको परिवारमा उनीसहित तीन जनाले आत्महत्या गरिसकेका छन् । यही त्रासका कारण घरमा ताला लगाएर परिवारका सदस्यहरु अन्यत्रै गएका हुन् ।कमलाकी २६ वर्षीया जेठी छोरी संगीता राजबंशीले वैदेशिक रोजगारीको सिलसिलामा छ वर्षअघि मालद्विपमै आत्महत्या गरिन् । उनको शव चाहिँ नेपाल ल्याएर दाहसंस्कार गरिएको थियो । छोरीको अकाल मृत्युवरणले विक्षिप्त बनेकी ४६ वर्षीया कमला राजबंशीले तीन वर्षपछि छोरीको तस्वीर छातीमा राखेर घरभित्रै आत्महत्या गरिन् । पत्नी र छोरीको आत्महत्याले विक्षिप्त ५० वर्षीय नहकुल राजबंशी पिरले रोगाए ।

उनको पनि दुई वर्ष अघि मृत्यु भयो । अब उक्त घरमा अभिभावक कोही बाँकी रहेनन् । दुई छोरीको विहे भइसकेको छ । दुई छोरामध्ये जेठाको विहे भएको थियो भने एउटा छोरो नाबालक नै छन् । पत्नी माइत गएको बेला नहकुलको जेठा छोरा २७ वर्षीय सञ्जित राजबंशीले समेत यही जेठको पहिलो साता आत्महत्याको गलत बाटो रोजे । काजकिरियापछि घरमा ताला लागेको छ भने मृतक सञ्जितकी एक वर्षको छोरीलाई लिएर पत्नी माइतीको सहारामा पुगेकी छन् ।

**डिप्रेसन नै मुख्य कारण**

मानिसमा आत्महत्या बढ्नुको मुख्य कारण मानसिक बिरामी भएको मनोचिकित्सकहरु बताउँछन् । आवेश र तनाव नियन्त्रण गर्न नसक्दा मृत्युको अनपेक्षित घटना हुने गरेको उनीहरुको निष्कर्ष छ ।आत्महत्या कमजोर आत्मबलको उपज मात्र नभएर मानसिक रोग नै भएको विश्व स्वास्थ्य संगठनले स्वीकार गरिसकेको पूर्णटुंग बिर्तासिटी हस्पिटलका मनोचिकित्सक डा. आभाष निरौला बताउनुहुन्छ । "केही घटनामा एकैछिनको सनकका कारण आत्महत्याको निर्णय गरेको हुनसक्ने देखिन्छ," उहाँ भन्नुहुन्छ-"तर, अधिकांश आत्महत्याका घटनामा उसको मानसिक समस्याको पृष्ठभूमिले भूमिका खेलेको हुनसक्छ । कतिपय व्यक्तिले आत्महत्या अगाडि केही सङ्केतहरु दिएका हुन्छन् । त्यसलाई गम्भीर रुपमा लिएर आत्महत्या हुनबाट बचाउन सकिन्छ ।"मनोसामाजिक, आर्थिक र व्यक्तिगत समस्याका कारण मानिसहरु मानसिक समस्याको चरम अवस्थामा पुग्ने र त्यसलाई थेग्न नसक्दा आत्महत्याको गलत बाटोमा जाने उहाँको भनाइ छ । यसलाई चिकित्साको भाषामा 'सिभियर डिप्रेसन' भनिन्छ । डिप्रेसनको गम्भीर अवस्थाबाट आफुलाई बाहिर निकाल्न नसक्ने व्यक्तिले आफैलाई अन्त्य गर्नसक्ने भएकाले परिवार, समाज र सरकार यस विषयमा सचेत हुनुपर्ने उहाँको सुझाव छ ।

> "एक व्यक्ति र एक संस्था लागेर मात्र आत्महत्या जस्तो गम्भीर समस्याको रोकथाम सम्भव छैन, सचेत नागरिकहरु जुटेर समाजलाई ब्युँझाउन ढिलो भइरहेको छ"

"कोही व्यक्ति बारम्बार बाँच्न चाहन्न भन्छ, अस्वाभाविक रुपमा ऋणपान तिरेर कहिल्यै नभेटेका आफन्तहरुसँग समेत फोन गर्छ र अस्वाभाविक रुपमा आफ्नो सम्पत्ति दान र वितरण गर्छ" मनोचिकित्सक डा. निरौला भन्नुहुन्छ-"कतै त्यो मानिसले आत्महत्या गर्न लागेको त छैन भनेर शङ्का गर्नुपर्ने हुन्छ । उसले आत्महत्या पूर्वको सङ्केत दिइरहेको हुनसक्छ ।"आर्थिक समस्या, सम्बन्धमा आएको उतारचढाव, जीवनका असफलता र एक्लोपनाका कारण मानिसहरु मानसिक तनावको गम्भीर अवस्थाबाट गुज्रिरहेका हुन्छन् । यस्तो अवस्थामा व्यक्तिहरुलाई आत्महत्याको जोखिमबाट जोगाउन वरिपरिका साथीसङ्गी र परिवारका सदस्यहरुले उनीहरुका कुरा ध्यानपूर्वक सुनिदिने, निरास नबन्न उत्प्रेरणा दिने र ढाडस दिने कार्य गर्न सकिने डा. निरौलाको सल्लाह छ ।

पटकपटक आत्महत्याको प्रयास गरिसकेको र गम्भीर डिप्रेसनको शिकार भइरहेको व्यक्तिलाई कमजोर आत्मबल भएको भनेर अवहेलना नगर्न र तत्काल मनोचिकित्सकको उपचारमा जान सल्लाह दिनु उचित हुने उहाँको सुझाव छ । त्यस्ता व्यक्तिहरुको पहुँचबाट विषादी, डोरी, चक्कुलगायतका सामान टाढा राख्नु पर्ने उहाँले बताउनुभयो ।पछिल्लो समय बालबालिका र किशोरकिशोरीमा आत्महत्याको घटना बढेको कारण विद्यालय, समाज र परिवारमा तनाव व्यवस्थापन र मानसिक स्वास्थ्यका विषयमा सचेतना फैलाउन आवश्यक रहेको उहाँले बताउनुभयो । कुनै पनि तनाव हुने विषय तत्काल साथीसङ्गी र अभिभावकसँग साझा गर्ने वातावरण बनाउन सक्ने हो भने कम उमेरमा हुनसक्ने आत्महत्या रोकिने मनोचिकित्सक निरौला बताउनुहुन्छ ।

**समुदायस्तरमा सचेतनाको खाँचो**

कचनकबल गाउँपालिका बाहेक झापाका अरु पालिकाले आत्महत्या रोकथाम तथा मानसिक स्वास्थ्यका विषयमा सचेतनामूलक कार्यक्रम ल्याउन सकेका छैनन् । आत्महत्या रोकथामका लागि चालू आर्थिक वर्षमा कचनकबलले रु. तीन लाख बजेट छुट्याएको थियो । यसबाट विभिन्न सङ्घसंस्थाको सहकार्यमा गाउँगाउँमा पुगेर समुदाय र विद्यार्थीसँग कार्यक्रम गरिएको पालिकाका अध्यक्ष कालेन्द्रप्रसाद सिंह राजबंशीले बताउनुभयो ।

गरिवी र बेरोजगारीले आत्महत्याका घटना निम्त्याउने गरेको सुनाउँदै उहाँले आगामी नयाँ बजेटमा यस विषयमा अभिभावक, विद्यार्थी र किशोरकिशोरीहरुलाई आवश्यक परामर्श दिन पुग्ने गरी पर्याप्त रकम बिनियोजन गरिने प्रतिवद्धता व्यक्त गर्नुभयो ।जिल्ला प्रहरी कार्यालय झापाले समुदायसँग साझेदारी कार्यक्रमअन्तर्गत केही वर्षदेखि आत्महत्या रोकथामका लागि विद्यार्थी लक्षित अभियान सञ्चालन गरिरहेको जनाएको छ । "एसइई परीक्षा सकिएका दिन जिल्लाभरका परीक्षा केन्द्रमा पुगेर 'म आत्महत्या गर्दिन' भन्ने संकल्प गर्न लगायौं," प्रहरी उपरीक्षक मिलन केसीले भन्नुभयो, "समाजमा आत्महत्याको भयावह अवस्था छ । हामीसँग बजेट हुँदैन । तैपनि समुदायसँग मिलेर निरन्तर सचेतनामूलक कार्यक्रम गरिरहेका छौं ।" अभियन्ताहरुले सामाजिक सञ्जालमार्फत र पत्रकारहरुले स्थानीय सञ्चारमाध्यममार्फत आत्महत्या रोकथामका लागि विभिन्न सन्देश प्रवाह गरिरहेका छन् ।

सहारा बचत तथा ऋण सहकारी संस्थाका कार्यकारी प्रमुख समेत रहनु भएको सामाजिक अभियन्ता महेन्द्र गिरीले जीवनबाट हार खाएको अनुभूति गरिरहेकाहरुलाई जीवन जिउने उत्प्रेरणासहित ढाडस दिनुपर्ने धारणा व्यक्त गर्नुहुन्छ । "जीवनमा मानिसहरुलाई खासै केही दिइरहनु पर्दैन । तर असफल भएर मन आत्तिइरहेको बेला 'तिम्रो लागि हामी छौँ नि' भनी ढाडस मात्रै दिए पनि संसार जितेको महसुस हुन्छ," सामाजिक सञ्जालमा गिरी लेख्नुहुन्छ-"असफल भए भन्दैमा जिन्दगी नै सकियो भन्ने नसोचौँ । सुन्दर बिहानीका लीगि पनि त अन्धकार रात कटाउनै पर्छ ।"झापामा आत्महत्या प्रभावित परिवारलाई समेटेर सामाजिक जागरण अभियान सञ्चालन गरिरहनु भएको अभियन्ता देबेन्द्र खरेलले चौबीसै घण्टा परामर्श एवम् सहायता उपलब्ध हुने हेल्पलाइन सेवा प्रदान गर्न स्थानीय पालिकाहरुलाई आग्रह गरिएको बताउनुभयो ।"एक व्यक्ति र एक संस्था लागेर मात्र आत्महत्या जस्तो गम्भीर समस्याको रोकथाम सम्भव छैन, सचेत नागरिकहरु जुटेर समाजलाई ब्युँझाउन ढिलो भइरहेको छ"-उहाँ भन्नुहुन्छ । स्थानीय पालिकाहरुले सामुदायिक स्वास्थ्य केन्द्रमार्फत मनोचिकित्सक सेवा दिनुपर्ने, सङ्कटमोचन टोलीहरु खटाउनु पर्ने, सार्वजनिक सचेतना अभियान सञ्चालन गर्नु पर्ने, तनाव व्यवस्थापन सम्बन्धी कार्यशाला आयोजना गर्नुपर्ने, टोलटोलमा पुगेर अभिभावक तथा किशोरकिशोरीलाई सामाजिक तथा पारिवारिक जिम्मेवारीका बारेमा परामर्श गर्नुपर्ने उहाँको प्रस्ताव छ ।रासस

# 'सरकारी जागिर छोडेर खेतीमा दंग'



ज्योति झा

सोमबार साँझको करिव ७ बजिरहेको थियो । हामी घरबाट घुमफिर गर्ने मुड बनाएर महोत्तरीको भ्रमरपुराका लागि निस्कियौं । बगैचामा लटरम्म फलेको आँप र ढकम्मक फूलेको फूल हेर्दै मुस्काइरहेका थिए ३४ वर्षीय मुकेश राय । खासमा उनले अपनाएको कृषि पेशाप्रतिको अपनत्व र आफूले गरेको अथक मिहिनेतले उनको अनुहारमा मुस्कान ल्याएको हामीले पायौं ।

महोत्तरीको लोहारपट्टी नगरपालिका-८ का मुकेश सरकारी जागिरमा थिए । काठमाडौंमा बसेर रेडियोलोजिष्टको जागिर गरिरहँदा उनको घरपरिवार खुशी थिए । तर, उनी स्वयं भने जागिरबाट कहिल्यै सन्तुष्ट भएनन् । उनलाई जागिरले आत्मसंतुष्टि प्रदान गर्न सकेन । ७ वर्षसम्म जागिर गर्दा पनि आत्मसंतुष्टि नभएपछि उनी जागिर छोडेर गाउँ फर्के । गाउँ प्रवेश गर्नुअघि नै उनले कृषि पेशामा आवद्ध भई आफ्नै लागि केही गर्छु भन्ने अठोटका साथ कृषिको बारेमा विभिन्न अध्ययन र अनुसन्धान गरिसकेका थिए ।

त्यसपछि उनी गाउँ आएर आफ्नो १२ कट्ठा र अन्य व्यक्तिसँग ५ बिग्हा जग्गा लिजमा लिएर काम सुरु गरे । सोही क्रममा एक दिन कुहिएको आलुले उनको सर्ट भिज्यो । उनलाई नरमाइलो लाग्यो । त्यो कुराले उनलाई 'पिन्च' गर्यो । त्यस दिन उनले मनमनै सोचे, 'अब यो आलुलाई कहिल्यै नकुहिने बनाउँछु' । उनले गरेको त्यो अठोट कहिल्यै बिर्सिएनन् । त्यसपछि उनी व्यवसायिक कृषि पेसामा लागे । उनको सानैदेखिको सपना माटोमै रमाउने थियो । जसलाई उनले स्वयं माटोमै मलजल गरे । माटोमै विभिन्न किसिमका फलफूल रोपेर तिनकै गोडमेलमा लागे ।

मेडिकल क्षेत्रका कर्मचारी कृषि पेशामा लाग्दा गाउँका धेरैजनाले उनको कुरा पनि काट्न थाले । तर, उनले ती सबै नकारात्मकतालाई नजरअन्दाज गर्दै कृषिमै रमाउन थाले । उनका कतिपय साथीहरूले देशमै सरकारी जागिर पाए भने कतिपय घरपरिवारको खर्च जुटाउनका लागि भारत तथा खाडी मुलुक गए । तर, उनी भने त्यसपछि कहीँ कतै नगएर आफ्नै ठाउँमा निरन्तर रूपमा खेतीमा लागिरहे । सरकारी जागिरभन्दा गाउँमै खेतीमा भाग्य र भविष्य देख्दै उनी विगत ३ वर्षदेखि यही पेसामा निरन्तर रूपमा लागिपरेका छन् ।

उनको साँझ-बिहानको दैनिकी भनेको नै खेतमा बित्ने गरेको छ । खेतीबाट उनले आजभोलि मनग्य आम्दानी गरिरहेका छन् । अहिले उनलाई उनका अन्य तीनजना दाजुहरुले पनि भरपूर सहयोग गरिरहेका छन् । आँप, अम्बा, सिताफल, ड्रागनफ्रुट, कागती, काँक्रा, तरबुज, खरबुजालगायत विभिन्न प्रजातिका फलफूल र तरकारी उनले आफ्नो बारीमा प्रशस्त लगाएका छन् ।

मुकेशसँग अब भने मेडिकल सँगसँगै कृषिक्षेत्रको प्राविधिक ज्ञान पनि भएको छ । उनलाई त गाउँमा अब अगुवा कृषक तथा कृषिका मास्टर भनेर पनि चिनिन्छ । अहिले उनको खेती ६ बिग्हामा विस्तार भइसकेको छ । उनले सो जग्गामा बेमौसमी तरकारीसमेत फलाउन सफल भएका छन् । उनले यस व्यवसायबाट वार्षिक ३५ लाखरुपैयाँसम्म आम्दानी गर्ने गरेको बताउँछन् । मेडिकल मास्टर हुनुपर्ने मुकेश पछिल्लो समय त गाउँमा कृषिकै मास्टर भनेर चिनिन थालेका छन् ।

**जागिर छाडेकोमा खुशी**

काठमाडौंमा मेडिकल क्षेत्रमा काम गर्ने उनले उक्त जागिर छोडेको साढे ३ वर्ष भयो । 'सरकारी जागिर कहिले यता, कहिले उता गरेर हिसाबकिताबबराबर हुन्थ्यो । कृषिबाट त मैले सम्पूर्ण खर्च कटाएर लाखौं रुपैयाँ कमाउँछु,' उनले सुनाए, 'मन लागेको बेला काम गर्छु । कहिलेकाहीँ अन्य कृषकका समस्या पनि हेरिदिन्छु ।'



उनले भने, 'सरकारी जागिरमा अर्काको अन्डरमा चल्नुपर्ने, आफ्नो तरिकाले काम गर्न नपाउने पनि हुन्छ त्यस कारण पनि मलाई जागिर गर्न मन लागेन् । सिप र दक्षता भने हाम्रो प्रयोग हुने, मान, मर्यादा भने ठुला मान्छेको हुने । त्यसले गर्दा मलाई कत्ति पनि चित्त बुझेन् र त्यसपछि जागिर तिर चाँसो नै भएन् ।'

सरकारी जागिरभन्दा राम्रो तरकारी खेती लागेर जागिर छोडेरै यो पेसामा लागेको उनी बताउँछन् । 'अर्ग्यानिक उत्पादन बढाउने र परम्परगत खेतीलाई आधुनिकीकरण गर्नेबारे बाली सहजकर्ताको तालिम लिएँ । तालिम लिएर गरेको कृषि फस्टाउँदै गएपछि गाउँका सबैलाई कृषि पेसा गर्नुस् भनेर सिकाउन थालेँ,' उनले भने ।

जागिर गर्दा र कृषि गर्दा मान्छेहरुले हेर्ने व्यवहार भने फरक भएको मुकेशले बताए । समाजमा कृषि पेशा फोहोर हो भन्ने छ, हेर्ने दृष्टिकोण पनि फरक छ । उनले भने, 'धेरैले खुरुखुरु जागिर गरेको भए स्टेन्डर भएर बसिन्थ्यो र आनन्द हुन्थ्यो, अहिले यो कृषि तिर लागरे भन्ने गर्छन्, म मतलब राख्दिन् । म आफै जागिर छोडेर यो पेशा रोजेको हुँ र जागिर छाडेर यो पेशा गर्दा मलाई कुनै पश्चाताप पनि छैन् ।'

**कृषि प्राविधिक पाउन मुस्किल**

स्थानीय सरकार आएर केही संरचना फेरिएपछि कृषकले प्राविधिकहरू पाउन मुस्किल भएको उनले बताए । 'नयाँ-नयाँ किसिमका रोग आउँछन्, यसबारे अधिकांश नयाँ कृषि प्राविधिक सम्बन्धित क्षेत्रमा कम बुझेका हुन्छन् । तर, आवश्यकता दक्ष प्राविधिकको छ,' उनले भने ।

उनका अनुसार पहिले जिल्ला कृषि कार्यालयमा सबै किसिमका कर्मचारी बागवानी अधिकृतसम्म थिए । अहिले पनि छन् । तर, कम छन्, त्यसैले समस्या छ ।

**जैविक विषादिको प्रयोग**

रोगबाट बचाउन उनले प्राविधिकको सहयोगमा जैविक विषादि पनि बनाएका छन् । उनले मही, ताँमा र चिनी घोलेर जैविक विषादि बनाउने गरेका छन् । मही, ताँमा र चिनीको निश्चित मात्रा मिलाएर जैविक विषादि बनाइदो रहेछ । तर यो विषादि धेरैजसो मेवाको बोटमा प्रयोग गरिँदो रहेछ । कागतीको बोटमा रोग लागेमा नीम, गहुत, सरफ आदिबाट पनि विषादि बनाएर कागतीको बोटमा स्प्रे गरिँदो रहेछ । मेवालाई क्यालसियमको मात्रा आवश्यक परेमा गाईको दूध पानीमा मिसाएर बोटमा स्प्रे गर्ने गरेको मुकेशले बताए ।


**विदेशिने युवालाई सुझाव**

रोजगारीका लागि विदेशिने युवालाई विदेश जाने पैसाले यहीँ लगानी गरेर पसिना बगाए यहीँ मनग्य आम्दानी गर्न सकिने मुकेशको सुझाव छ ।

'एक डेढ लाख लगानी गर्नुस् । प्राविधिकको सल्लाहअनुसार व्यावसायिक बाख्रा पालन, कुखुरा पालन, तरकारी खेती गर्नुस् । भारतको तरकारी खाइरहेका हाम्रै गाउँठाउँमा अर्ग्यानिक तरकारीले राम्रो बजार पाउँछ,' उनले भने ।

यदि युवा मिलेर तरकारी खेती गर्ने हो भने विदेशको जति कमाइ यहीँ मातृभूमिमै गर्न सकिने उनको भनाइ छ । उनका अनुसार बेमौसमी तरकारी उत्पादन गर्ने हो भने त्यसका लागि अनुदान सहयोग गर्ने धेरै संघसंस्था छन् । उनले २/३ लाख रुपैयाँ लगानी गरेर विदेशमा गई ३५/४० हजार रुपैयाँ कमाउने युवाहरु बरु आफूसँग कृषि पेशामा आवद्ध हुँदा मासिक ३०/४० हजारसम्म आफूले नै पारिश्रमिक दिनसक्ने दावीसमेत गरेका छन् ।

# स्थिर सरकार नबनेकाले मुलुकमा विकासले गतिलिन सकेनः महासचिव पोखरेल



काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एमाले)का महासचिव शङ्कर पोखरेलले स्थिर सरकार नबनेकाले मुलुकमा विकासले गतिलिन नसकेको बताउनुभएको छ ।

बुधबार ललितपुरको महालक्ष्मी नगरकमिटीको दोस्रो अधिवेशन उद्धाटन गर्दै उहाँले प्रधानमन्त्री एक वर्ष पनि नटिक्ने र एउटा मन्त्रीले छ महिना पनि काम गर्न नपाउने अस्थिर राजनीतिक अवस्थाले देशको प्रगतिमा व्यवधान सिर्जना गरेको धारणा राख्नुभयो ।

"छिमेकी देश भारतमा नरेन्द्र मोदी र चीनमा सी जिनपिङ तीन कार्यकाल लगातार सरकार प्रमुख बन्ने तर नेपालमा प्रजातन्त्रपछि २८ जना प्रधानमन्त्री हुनु सबैभन्दा विडम्बना हो । यस्तो अस्थिरताले देश बन्दैन", उहाँले भन्नुभयो ।महासचिव पोखरेलले अमेरिकामा सबैभन्दा पुरानो दलले हालसम्म नेतृत्व गर्ने तर नेपालमा निर्वाचनपिच्छे जनताले नयाँ खोज्ने बानीले पनि अराजकतालाई प्रश्रय दिएको जिकिर गर्नुभयो । विचार र सिद्धान्त भएका पार्टीमा नयाँ नेतृत्व खोजेर अगाडि बढाउनुपर्नेमा उहाँको जोड थियो ।

पार्टीका स्थायी कमिटी सदस्य शेरबहादुर तामाङ, पोलिटब्युरो सदस्य सुशीला नेपाल, केन्द्रीय सदस्यहरु हरिकृष्ण ब्यञ्जनकार र बाबुराम थापा, ललितपुर जिल्ला अध्यक्ष पुरुषोत्तम आचार्यलगायतले सम्बोधन गर्नुभएको थियो । दुई सय जना प्रतिनिधि रहेको उक्त अधिवेशनबाट ७५ सदस्यीय कमिटी निर्वाचित गर्ने कार्यक्रम रहेको छ ।रासस

# 'वैकल्पिक राजनीतिक शक्तिहरु एकताबद्ध हुनुपर्ने'

**नेपाल समाजवादी पार्टीका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री डा बाबुराम भट्टराईले संघीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ गर्दै मुलुकको विकास र आर्थिक समृद्धिको यात्रामा सबै राजनीतिक दलहरु एकताबद्ध भएर लाग्नुपर्नेमा जोड दिनुभयो ।**

काठमाण्डु । विभिन्न राजनीतिक दलका नेताहरुले वैकल्पिक राजनीतिक शक्तिहरु एकताबद्ध भएर अघि बढ्नुपर्नेमा जोड दिएका छन् । नेपाल समाजवादी पार्टीको स्थापना दिवसका अवसरमा बुधबार यहाँ आयोजित 'वैकल्पिक राजनीतिको औचित्व र सम्भावना' विषयक अन्तरक्रियामा सहभागी दलका नेताहरुले नयाँ शक्तिहरु विचार र मुद्दाका आधारमा एकताबद्ध भएर जानुपर्नेमा जोड दिनुभएको हो ।

नेपाल समाजवादी पार्टीका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री डा बाबुराम भट्टराईले सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ गर्दै मुलुकको विकास र आर्थिक समृद्धिको यात्रामा सबै राजनीतिक दलहरु एकताबद्ध भएर लाग्नुपर्नेमा जोड दिनुभयो । उहाँले वैकल्पिक नयाँ शक्ति कुनै लहडमा नभई समयको माग र परिस्थिति भएको बताउनुभयो ।

उहाँले लोकतान्त्रिक स्थिरताका निम्ति प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति र पूर्ण समानुपातिक तर प्रत्यक्ष निर्वाचित व्यवस्थापिका हुनुपर्ने आफ्नो पार्टीको सङ्कल्प रहेको उल्लेख गर्नुभयो । दुई दशकभित्र देशलाई अति कम विकसित अवस्थाबाट विकसित चरणमा रुपान्तरण गर्न तीव्र आर्थिक वृद्धि, समन्यायिक वितरण, पर्यावरणीय दिगोपन र मानवीय खुसीका चार आयामसहित समृद्धिको कार्ययोजना निर्माण गरिनुपर्ने उहाँको धारणा थियो ।जनमत पार्टीका अध्यक्ष डा चन्द्रकान्त (सिके) राउतले नयाँ शक्तिहरुबीच एकताबद्ध भइ सडक सङ्घर्षबाटै अघि बढ्नुपर्ने बताउनुभयो । उहाँले वैचारिक रुपमा जनमत पार्टी र नेपाल समाजवादी पार्टीको मुद्दा समान रहेकाले आगामी दिनमा सहकार्य गर्न सकिने धारणा राख्नुभयो ।



आम जनता पार्टीका अध्यक्ष प्रभु साहले अग्रगामी सोचका राजनीतिक शक्तिहरु एकताबद्ध भएर जनताको हितमा सक्रिय हुनुपर्ने बताउनुभयो । विवेकशील साझा पार्टीका अध्यक्ष समीक्षा बास्कोटाले नयाँ खुलेका वैकल्पिक राजनीतिक शक्तिहरुबीच ध्रुवीकरण जरुरी भएको बताउनुभयो ।नागरिक उन्मुक्ति पार्टीका संयोजक रेशम चौधरीले युवा पुस्ताका नेता र नयाँ विचार बोकेका राजनीतिक दलहरु एकताबद्ध भएर अगाडि बढ्नुपर्ने खाँचो औँल्याउनुभयो । पहिचानवादी मोर्चाका अध्यक्ष खगेन्द्र माखिमले नयाँ शक्तिहरु परिवर्तनको चाहनालाई पूरा गर्न एक भएर लाग्नुपर्नेमा जोड दिनुभयो । लेखक खगेन्द्र सङ्ग्रौलाले जुट र फुटको राजनीतिबाट अघि बढिरहेका राजनीतिक शक्तिहरुले मुलुकको निकास दिन नसक्ने दाबी गर्नुभयो ।

कार्यक्रममा विभिन्न राजनीतिक दलका नेताहरु, नागरिक समाजका अगुवा, अर्थशास्त्री, सञ्चारकर्मीलगायतको उपस्थिति थियो । विसं २०७३ जेठ ३० गते वैकल्पिक राजनीतिक अभियानका रुपमा नयाँ शक्ति पार्टी स्थापना गरी विभिन्न चरणमा एकता र विभाजन हुँदै अहिले नेपाल समाजवादी पार्टी बनेको हो । सोही दिनको स्मरण गर्दै प्रत्येक वर्ष स्थापना दिवस मनाइँदै आएको समाजवादी पार्टीले जनाएको छ ।रासस

# थला परेको अर्थतन्त्रलाई चलायमान बनाउन जरुरी छ : अध्यक्ष नेपाल



लेखनाथ । नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपालले केही वर्षदेखि थला परेको नेपालको अर्थतन्त्रलाई चलायमान बनाउन सरकार सक्रिय भएर लाग्नुको विकल्प नभएको बताउनुभएको छ ।

समाजवादी प्रेस सङ्गठन नेपाल कास्कीद्वारा बुधबार पोखरामा आयोजित पत्रकार भेटघाट कार्यक्रममा उहाँले भन्नुभयो, "राजनीतिक स्थिरता, परिवर्तन र सुशासनसँग जोडिएको अर्थतन्त्र बलियो बनाउन सकेनौँ भने लोकतन्त्र नै कमजोर भएर जान्छ ।" लोकतन्त्र समाप्त पार्न खोज्ने शक्ति सक्रिय भइरहेको अवस्थामा प्रधानमन्त्रीले अर्थतन्त्र बलियो बनाएर जनताको आयस्रोत वृद्धि गर्न जरुरी भएको भनाइ उहाँको थियो ।

अर्थतन्त्रलाई बलियो बनाउने कार्यमा प्रधानमन्त्रीले अर्थतन्त्रका विज्ञ र पूर्वप्रधानमन्त्रीहरुसँग छलफल तथा राय सुझाव लिएर अगाडि बढ्नसमेत नेपालले सुझाव दिनुभयो । "राजनीतिक स्थिरताका लागि सरकारले मुलुकका देखिएका प्रमुख समस्या पहिचान गरी जनतामा परिवर्तनको महसुस दिलाउन सक्नुपर्छ", नेता नेपालले भन्नुभयो, "प्रतिगामी शक्तिहरु अझै पनि जीवितै रहेकाले उनीहरुलाई परास्त गर्दै अगाडि बढ्नु पर्छ ।"

लोकतन्त्रको हितमा सहकार्य गर्दै अगाडि बढ्ने समाजवादी पार्टीको उद्देश्य भएकाले प्रधानमन्त्रीकै लागि आफूले मरिहत्ते नगरेको जिकिर उहाँको थियो । एकीकृत समाजवादी पार्टीको दशौँ महाअधिवेशन असारको पहिलो हप्ता काठमाडौँमा हुने जानकारी दिँदै उहाँले महाधिवेशन तयारीका लागि २७ सदस्यीय मस्यौदा समितिसमेत गठन गरिएको जानकारी दिनुभयो ।

महाधिवेशनमा राजनीतिक, सङ्गठनात्मक, समाजवाद र पार्टी विधानसम्बन्धी मूल विषय बनाएर छलफल हुने पनि सो अवसरमा उहाँले जानकारी दिनुभयो । बाहिर चलेको हल्ला झैँ समाजवादी पार्टी फुट्ने कुनै सम्भावना नरहेको दाबीसमेत उहाँको छ ।रासस

# मलखाद, अन्तराष्ट्रिय उडान र स्वास्थ्य सेवाबारे सांसदहरुको चासो



काठमाण्डु । प्रतिनिधिसभाको बुधबारको बैठकको शून्य समयमा सांसदहरुले किसानले समयमै मदखाद पाउन नसकेका, पोखरा अन्तराष्ट्रिय विमानस्थलमा अन्तराष्ट्रिय उडान हुन नसकेको, मौलिक हकका रुपमा रहेको स्वास्थ्य सेवाबाट नागरिक वञ्चित हुनुपरेको लगायत विषयमा सरकारको ध्यानाकर्षण गराएका छन् । उहाँहरुले विभिन्न मुलुकबाट राजदूत फिर्ता बोलाइएको विषयमा समेत प्रश्न उठाउनुभएको छ ।

सांसद मनबहादुर गुरुङले पोखरा अन्तराष्ट्रिय विमानस्थलमा अन्तराष्ट्रिय उडान हुन नसक्नुको कारणबारे जिज्ञासा राख्नुभयो । अन्तराष्ट्रिय उडानका लागि पहल गर्न उहाँले सरकारसँग माग गर्नुभयो । सरकारले आगामी आर्थिक वर्ष २०८१/८१ को नीति तथा कार्यक्रम र बजेटमा यसलाई समेटन नसकेको भन्दै सांसद गुरुङले असन्तुष्टि व्यक्त गर्नुभयो । सांसद मनिषकुमार झाले बेलायत सरकारको सहयोगमा जनकपुर-जयनगर रेल्वेका लागि वैदेही र खजुरामा स्थापना गरिएको कारखानामा इञ्जिन थन्क्याइएको उल्लेख गर्दै विभिन्न देशमा बनाइएका ती इञ्जिन संरक्षण गरेर सङ्ग्रहालयमा राख्नुपर्ने सुझाव दिनुभयो ।

सांसद महेशकुमार बर्तौलाले संविधानले व्यवस्था गरेको मौलिक अधिकारमा स्वास्थ्य सेवाबाट कसैलाई वञ्चित नरिने व्यवस्था भए पनि सङ्घीय अस्पतालमा समेत सामान्य उपचार र शल्यक्रियाका लागि नौ महिनासम्म कुनुपर्ने अवस्थाका विषयमा सरकारको ध्यानाकर्षण गराउनुभयो ।सांसद महेश बस्नेतले इलामको माइ नगरपालिका-४ मा द्वन्द्वव्यवस्थापन गर्न निर्माण गरिएका शिविरको जग्गा संरचना प्रयोगविहीन अवस्थामा रहेकाले त्यसको उचित उपयोग गर्न आग्रह गर्नुभयो ।

सांसद माधव सापकोटाले मनसुनको समय आएकाले राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण र सुरक्षा निकायलाई साधन स्रोत सम्पन्न बनाउन सरकारको ध्यानाकर्षण गराउनुभयो । सांसद मुक्ताकुमारी यादवले सिरहा-धनुषा जोड्ने कमला नदीको पुल र राजमार्ग निर्माण समयमै सम्पन्न गर्न माग गर्नुभयो । सांसद् मेटमणि चौधरीलेदाङकोराप्तीगाउँपालिका-१ भालुवाङ बजारका बासिन्दा विस्थापित हुनुपरेको उल्लेख गर्दै लालपुर्जा भएका स्थानीयवासीलाई जग्गा फिर्ता गर्न माग गर्नुभयो ।

सांसद मेनकाकुमारी पोखरेलले दाङमा आपराधिक घटना न्यूनीकरण गर्न सुरक्षा निकायको ध्यानाकर्षण गराउनुभयो । सांसद मैना कार्कीले मध्यपहाडी राजमार्ग निर्माणमा ध्यान दिन सरकारसँग आग्रह गर्नुभयो ।सांसद रघुजी पन्तले दोहोरो नागरिकता भएका कर्मचारीबारे छानबिन गर्न र अख्तियार दुरुपयोग अनुसन्धान आयोगको पत्रानुसार कारबाही गर्न माग गर्नुभयो । सांसद रणेन्द्र बराइलीले देशभर भएका जातीय विभेदका घटनाप्रति सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद रञ्जुकुमारी झाले शून्य समयमा सांसदहरुले सदनमा राखेका विषयको सरकारले सुनुवाइ नगरेकामा असन्तुष्टि व्यक्त गर्नुभयो । सांसद राजेन्द्रकुमार केसी र रामकृष्ण यादवले सरकाले विभिन्न देशमा रहेका ११ नेपाली राजदूतलाई एकैपटक फिर्ता बोलाएकाप्रति आपति जनाउनुभयो । सांसद रामकुमार राईले खोटाङको सडकखण्ड निर्माण एवं विस्तारको काम समयमै सम्पन्न गराउन सरकारको ध्यानाकर्षण गराउनुभयो । सांसद रामनाथ अधिकारीले जनप्रतिनिधिले आफ्नो दलीय र क्षेत्रीय स्वार्थबाट माथि उठेर सिङ्गो देशकै लागि सोच्न सक्नुपर्ने बताउनुभयो ।

सांसद रामशङ्कर यादवले तराईमा खानेपानीको समस्या हल गर्न र किसानलाई बीउ र मलखाद समयमै उपलब्ध गराउन माग गर्नुभयो । सांसद रामहरि खतिवडाले प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को हालै सम्पन्न भारत भ्रमणबारे सदनलाई जानकारी गराउन माग गर्नुभयो । सांसद रुपासोशी चौधरीले किसानलाई आवश्यक मल उपलब्ध गराउन माग गर्नुभयो । सांसद रोशन कार्कीले मन्त्रीहरुले बजेट आफनो जिल्लामा मात्र पारेकामा आपत्ती जनाउनुभयो ।

सांसद लक्ष्मी तिवारीले नेपालगञ्जस्थित विमानस्थलको सुधारको माग गर्नुभयो । सांसद लालप्रसाद सावा लिम्बूले झापाको कन्काई नदीमा हुलाकी राजमार्गमा पुल निर्माण थालेको १३ वर्षमा पनि सम्पन्न नभएकोप्रति सरकारको ध्यानाकर्षण गराउनुभयो । सांसद लालवीर चौधरीले साल्ट ट्रेडिङ र कृषि सामग्री संस्थानमार्फत किसानलाई मल वितरण गरिनुपर्ने माग गर्नुभयो । सांसद लेखनाथ दाहालले दीर्घरोगको चुनौतीप्रति सरकारलाई सचेत गराउनुभयो ।रासस

# कांग्रेसलाई सरकारमा जान हतार छैन : नेता कोइराला

काठमाण्डु । नेपाली कांग्रेका नेता डा शेखर कोइरालाले देशको राजनीति अत्यन्त तरल अवस्थामा रहेकाले कांग्रेस तत्काल सरकारमा नजाने बताउनुभएको छ ।

नेपाल वित्तीय संस्था कर्मचारी सङ्घ, नेपाल बैंक लिमिटेडको दशौँ केन्द्रीय अधिवेशनको बुधबार उद्धाटन गर्दै नेता कोइरालाले राजनीतिक तरलताका कारण गएको डेढ वर्षमा केन्द्र र प्रदेशमा पटक पठक सरकार परिवर्तन भएका बताउनुभयो । नेता कोइरालाले भन्नुभयो, "राजनीति वा सरकारको स्थिरता नभई आर्थिक स्थिरता र सुशासनसँगै समृद्धि हाँसिल गर्न सकिदैन ।"

मुलुकमा सुशासन र स्थायित्व कायम गर्न भ्रष्टाचार न्यूनीकरण, स्थायी सरकार र नीति आवश्यक पर्ने नेता कोइरालाको भनाइ थियो । राजनीतिक दल विभाजन गर्ने र नेतालाई दुःख दिने नियतले आपराधिक किसिमका कार्य भइरहेकाले राजनीतिक दलले यस विषयमा गम्भिर छलफल गर्नुपर्ने आवश्यकतामा उहाँले जोड दिनुभयो । नेता कोइरालाले भन्नुभयो, "कांग्रेस अहिले विपक्षमा रहेकाले प्रमुख प्रतिपक्षको भूमिका खेलिरहेको छ । सरकारमा जान हामीलाई कुनै हतार छैन ।"

सुशासन, पारदर्शीता र भ्रष्टाचारका विषयमा छिनोफानो नभई देश विकास र समृद्धितर्फ जान नसक्ने उल्लेख गर्दै नेता कोइरालाले राजनीतिक स्थिरताका लागि अहिले अभ्यासमा रहेको निर्वाचन प्रणालीबारे समेत पुनःविचार गर्न आवश्यक रहेको धारणा राख्नुभयो । उहाँले सरकारी र निजी क्षेत्रको स्वमित्वको अवधारणामा रहेर सञ्चालित, युवापुस्ता र महिला कर्मचारीको उदाहरणीय उपस्थिति रहेको देशको सबैभन्दा पुरानो नेपाल बैंक लिमिटेडको भविष्य उज्ज्वल रहेको बताउनुभयो ।

कार्यक्रममा प्रतिनिधिसभा सदस्य तेजुलाल चौधरीले केही वर्षअघिसम्म पुरानो ढर्राबाट सञ्चालित नेपाल बैंक लिमिटेडले पछिलो समय अत्याधुनिक र समयसापेक्ष प्रविधिसहित सेवा प्रवाहलाई चुस्त र दुरुस्त तुल्याउन सफल भएको प्रतिक्रिया दिनुभयो ।

सांसद सरिता प्रसाईंले मुलुकको लोकतन्त्र स्थापनामा वित्तीय सङ्घ/संस्थालगायत क्षेत्रमा कार्यरत कर्मचारीको योगदान रहेका घटना सुनाउँदै बैंकमा पुरानाको अनुभव र नयाँको उत्साहलाई संयोजन गरी सेवाप्रवाहलाई सरल, सहज र सुलभ तुल्याउन आवश्यक रहेको बताउनुभयो ।नेपाल वैंक लिमिटेडका महाप्रबन्धक तिलकराज पाण्डेले जनविश्वासका कारण बैंकको पूँजी रु १८ अर्ब रहेको, निक्षेप सङ्कलन रु दुई सय ७० अर्ब पुगेको तथा रु दुई तीन अर्ब लगानी पुगेको जानकारी दिनुभयो ।



आयोजक संस्था नेपाल वित्तीय संस्था कर्मचारी सङ्घका अध्यक्ष जीवराज ढकाल, महासचिव सुरेन्द्र विष्टलगायत विभिन्न ट्रेड युनियनका प्रमुख एवं पदाधिकारीले राष्ट्रिय पूँजी निर्माण गर्न र बैंकको संरक्षण गर्न युनियनले प्रतिपक्षकारुपमा खबरदारी गरिरहेको बताउनुभयो । बैंकको निक्षेप बढेपनि लगानीको अवस्था कमजोर रहेको बताउँदै उहाँहरुले स्थिरता र समृद्धिका लागि राजनीति नभई अर्थनीति पनि सुदृढ हुन आवश्यक रहेको धारणा राख्नुभयो । अधिवेशनले तीन वर्षका लागि नयाँ नेतृत्व चयन गर्नेछ ।

# सरकारले मुलुक र जनताको हितमा काम गरिरहेको छ : उपप्रधानमन्त्री लामिछाने

काठमाण्डु । उपप्रधानमन्त्री एवं गृहमन्त्री रवि लामिछानेले वर्तमान सरकारले मुलुकको आवश्यकता र जनताको हितमा काम गरिरहेको बताउनुभएको छ । नेपाल समाजवादी पार्टीको स्थापना दिवसका अवसरमा बुधबार आयोजित कार्यक्रममा उहाँले सरकारमा रहुञ्जेल नागरिकलाई दुःख नदिने गरी काम गर्ने उल्लेख गर्नुभयो ।



उपप्रधानमन्त्री लामिछानेले विभिन्न सङ्घर्ष र बलिदानबाट प्राप्त व्यवस्थालाई आत्मसाथ गर्दै नागरिकको सपनालाई साकार पार्न अहिलेको व्यवस्थाप्रति कटिबद्ध भएर लागेको बताउनुभयो । 'सबै गर्न सकिदैन तर, धेरै गर्न सकिन्छ' भन्ने आस र भरोसाकासाथ आफूहरु अघि बढेको उहाँले बताउनुभयो ।

"तीन महिना सरकारमा बसेर मेरो पार्टीबाट मन्त्रि बनेकाहरुले एउटा पनि नराम्रो काम गरेका छैनन्, राम्रा काम भएका छन्", उपप्रधानमन्त्री लामिछानेले भन्नुभयो । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापतिसमेत रहनुभएका उहाँले प्रदेश संरचनालाई लिएर धेरै प्रश्नहरु उब्जिएकाले संविधानको भावना र परिकल्पना अनुरुप प्रदेश सञ्चालन गरिनुपर्नेमा जोड दिनुभयो । "प्रदेश संरचनालाई लिएर धेरै जिज्ञाशा उब्जिएका छन् । यसमा सुधार गरेर अघि बढ्नुपर्छ", उहाँले भन्नुभयो । उपप्रधानमन्त्री लामिछानेले नागरिकलाई दुःख नदिइकन परिवर्तनका लागि आफूहरु मुद्दामा एक भएर अगाडि बढ्ने धारणा राख्नुभयो ।रासस


## श्री गुठी संस्थान

**शाखा कार्यालय, जनकपुरधाम**

## हाट बजार ठेक्का सम्बन्धी बोलपत्र आव्हान गरिएको ७ दिने सार्वजनिक सूचना

**प्रथम पटक प्रकाशित मितिः२०८१।०२।३१**

यस संस्थानको पूर्ण स्वामित्वमा रहेको ज.उ.म.न.पा वडा नं.४ सिट नं.१३९५-१० कि.नं.२५ को क्षेत्रफल ०-७-११-० ऐ. ऐ. सिट नं. १३९५-१५ कि.नं.२६ को क्षेत्रफल ०-५-३-३ समेतका गुठी तैनाथी जग्गा जसमा हाल कृषि उपज (शुक्रबारी हाट) बजारको नाममा संचालन भैरहेको बजार स्थल ५(पाँच) बर्षका लागि बहाल ठेक्कामा व्यबस्था गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, संघ संस्था वा कम्पनीहरुबाट बोलपत्र पेश गर्न यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

| सि. नं | जिल्ला | न.पा. | वडा | हाट बजारको नाम | न्यूनतम बार्षिक ठेक्का रकम |
|---|---|---|---|---|---|
| १ | धनुषा | ज.उ.म.न.पा | ४ | कृषि उपज (शुक्रबारी हाट) बजार | रु.१०,५०,०००।- |

**शर्तहरू**

१. बोलपत्र फाराम रु.५०००।-(पाँच हजार) मात्र नगद बुझाई पछि फिर्ता नहुने गरी यस कार्यालयबाट सूचना प्रकाशित भएको मितिले ७ औं दिन सम्म कार्यालय समयभित्र खरिद गर्न सकिने छ ।

२. सूचना प्रकाशित भएको मितिले ८ औं दिनको १२:०० बजे भित्र आफूले लिन चाहेको दर उल्लेख गरी लाह छाप सहितको सिलबन्दी गोप्य बोलपत्र फाराम यस कार्यालयमा दर्ता गराई सक्नुपर्नेछ । दर्ता भएको गोप्य बोलपत्रहरु सोही दिनको २:०० बजे खोलिनेछ ।

३. आफुले सकार गरेको ५(पाँच) बर्षको कवुल अंकको ३% ले हुन आउने रकम यस कार्यालयको नाउमा रहेको एन आई.सी एसिया बैकको धरौटी खाता नं. ३१४१४८३०४९५२४००१ मा जम्मा गरेको सक्कल बैक भौचर वा कम्तीमा १२० दिन मान्य अवधी भएको वाणिज्य बैंकको जमानत पत्र संलग्न हुनु पर्नेछ ।

४. अन्य थप जानकारी प्राप्त गर्नु परेमा यस कार्यालयमा सम्पर्क सकिने छ । सम्पर्क नं.०४१-५९०२८१

# अमेरिकी राष्ट्रपति बाइडेनका छोरा दोषी ठहर

एएफपी

विल्मिङ्टन ।अमेरिकी न्यायालयलेराष्ट्रपति जोबाइडेनका छोरा हन्टर बाइडेनलाई आपराधिक अभियोजनमा सङ्घीय बन्दुकको अभियोगमा दोषी ठहर गरेको छ । यो अमेरिकी इतिहासमा बहालवाला राष्ट्रपतिको सन्तान आपराधिक अभियोगमा दोषी ठहर भएको पहिलो घटना हो ।



राष्ट्रपति जो बाइडेनका ५४ वर्षीय छोरालाई लागु औषधको नशामा सन् २०१८ मा हाते बन्दूक खरिद गरेको आरोपपछि लागेका तीनवटै अभियोगमा दोषी ठहर गरिएको हो । हन्टर बाइडेनका बुबाले पुनः अमेरिकी राष्ट्रपतिको निर्वाचनमा प्रतिस्पर्धा गर्न खोज्दै गर्दा र वासिङ्टनमा बन्दुक हिंसाको बारेमा भाषण दिने तयारी गरिरहेका समय यो निर्णय आएको हो । बाइडेनको गृहनगर विल्मिङगटन, डेलावेयरमा भएको परीक्षण समापनपछि ह्वाइट हाउसले जारी गरेको विज्ञप्तिमा राष्ट्रपतिले आफ्नो छोराप्रति 'प्रेम र समर्थन' व्यक्त गर्नुभएको छ ।

राष्ट्रपति बाइडेनले भन्नुभयो, "म राष्ट्रपति मात्र नभएर बुबा पनि हुँ । 'जिल र म हाम्रो छोरालाई माया गर्छौं, र हामी आजको उनीमाथि निकै गर्व गर्छौं ।" उहाँले भन्नुभयो, "आफ्ना प्रियजनहरू कुलतमा फसेपछि सङ्घर्ष गरिरहेका धेरै परिवारले यसबाट बाहिर निस्केका व्यक्तिहरूको भावनालाई बुझ्छन् यसप्रति गर्भ गर्छन् ।" यस मुद्दाको नतिजा स्वीकार्ने बताउदै हन्टरले अपिलपछिको न्यायिक प्रक्रियालाई सम्मान गर्ने बाइडेनले बताउनुभयो ।बाह्र सदस्यीय न्याधीशको टोलीले फैसलामा पुग्नुअघि दुई दिनसम्म करिब तीन घण्टा छलफल गरेको थियो ।

अमेरिकामा बन्दुक किन्ने क्रममा झुटो बयान दिएमा दश वर्षसम्म, लागुऔषध दुर्ब्यसनमा परेका व्यक्तिले अवैध रूपमा बन्दुक राखेमा दश वर्षसम्म र बन्दुक खरिद गर्दा संघीय इजाजतपत्र प्राप्त बन्दुक डिलरलाई गलत जानकारी उपलब्ध गराउनेलाई पाँच वर्षसम्म जेल सजाय हुन्छ ।यदि हन्टर बाइडेनलाई यी तीनवटा आरोपमा अधिकतम सजाय दिइयो भने उनले २५ वर्षसम्मको जेल सजाय भोग्न सक्छन् तर २५ वर्षसम्म जेल सजाय भोग्ने सम्भावना भए पनि पहिलो पटकको अपराधीका रूपमा हन्टरलाई जेल सजाय नहुन सक्छ ।

> हन्टर बाइडेनका बुबाले पुनः अमेरिकी राष्ट्रपतिको निर्वाचनमा प्रतिस्पर्धा गर्न खोज्दै गर्दा र वासिङ्टनमा बन्दुक हिंसाको बारेमा भाषण दिने तयारी गरिरहेका समय यो निर्णय आएको हो ।

नोभेम्बरको राष्ट्रपति चुनावमा जो बाइडेनका सम्भावित रिपब्लिकन प्रतिद्वन्द्वी डोनाल्ड ट्रम्पको व्यापार अपचलनको आरोपमा दोषी ठहर भएको दुई हप्ताभन्दा कम समयमा यस्तो फैसला आएको हो । हन्टरको सजायँले क्यालिफोर्नियामा कर चोरीको आरोपको अर्को मुद्दाको कार्यवाहीमा अपराधमा दोषी ठहरिएका पूर्वराष्ट्रपति ट्रम्पमाथि चुनावी ध्यान केन्द्रित गर्ने डेमोक्र्याटहरूको प्रयासलाई जटिल बनाएको छ ।

हन्टरका भाइ ब्युको सन् २०१५ मा क्यान्सरबाट मृत्यु भएको थियो । उनकी बहिनी नाओमीको सन् १९७२ को कार दुर्घटनामा मृत्यु भएको थियो भने यसै घटनामा जो बाइडेनकी पहिलो पत्नी निलियाको पनि मृत्यु भएको थियो । येलमा प्रशिक्षित वकिल र लोबिस्टबाट कलाकार बनेका उनीमाथि सन् २०१८ मा ३८ क्यालिबर रिभल्भर खरिद गर्दा अवैध रूपमा लागुऔषध प्रयोग नगरेको भन्दै झुटो बयान दिएको आरोप लगाइएको थियो ।

उनीमाथि अवैध रूपमा बन्दुक राखेको आरोप पनि लगाइएको थियो, जुन उनीसँग त्यस वर्षको अक्टोबरमा मात्र ११ दिनका लागि थियो । राष्ट्रपतिको छोराले लतको बारेमा निस्वार्थ रूपमा लेखी रिभल्भर किनेको समयमा आफू लतमा नभएको भन्दै आरोपको खण्डन गर्दै आउनुभएको छ । उनी लामो समयदेखि कट्टर-दक्षिणपन्थी रिपब्लिकनहरूको निशाना बनेका छन्, भने ट्रम्पका सहयोगीले भ्रष्टाचार र प्रभाव-हेरफेरको आरोपमा काङ्ग्रेसमा उनको लामो अनुसन्धान गरेका छन् ।

# फ्रान्सेली प्रधानमन्त्री अट्टलले म्याक्रौँको चुनाबी अभियानको नेतृत्व

एएफपी

पेरिस । फ्रान्सका प्रधानमन्त्री इम्यानुएल म्याक्रौँले मध्यावधि निर्वाचनको आह्वान गरेपछि प्रधानमन्त्री गेब्रियल अट्टलको शङ्कास्पद मौनता तोडिएको छ । अनुभवको कमीको बावजुद, अट्टलले आफ्नो नियुक्तिपछि आफूलाई राष्ट्रपतिको एक प्राकृतिक संचारकर्ताको रूपमा देखाउनुभएको छ । केही हदसम्म म्याक्रौँको सम्भावित उत्तराधिकारीको रूपमा पनि हेरिएको छ ।पैँतीस वर्षीय अट्टल फ्रान्सका सबैभन्दा कान्छा प्रधानमन्त्री हुनुहुन्छ ।

उहाँले यो अभियानप्रति पूर्ण प्रतिबद्धता जनाए पनि यदि लागि माटिग्नोन प्रधानमन्त्रीको निवासमा राखिएको लेक्चर कहिल्यै प्रयोगमा आएन ।युरोपेली चुनावको परिप्रेक्षमा मध्यावधि चुनावको सम्भावनाको बारेमा प्रारम्भिक छलफलबाट टाढा रहेका अट्टलले म्याक्रौँलाई 'खतरनाक' जोखिमको बारेमा चेतावनी दिनुभएको थियो । अट्टललाई निर्णयबारे अन्तमा सूचित गरिएको थियो ।

आइतबार साँझ एलीसी प्यालेसमा सत्तारुढ दलका नेतासँग भएको भेटमा अट्टलले आफू सरकारबाट राजीनामा दिन तयार रहेको तर राष्ट्रपतिको निर्णयलाई समर्थन गरेको बताउनुभएको एक



म्याक्रौँको प्रधानमन्त्री परिवर्तन गर्ने निर्णय आएमा उहाँ सबैभन्दा कम सेवा गर्ने प्रधानमन्त्रीमध्ये एक हुनेछन् ।युरोपेली चुनावमा अति दक्षिणपन्थी गठबन्धनसँग म्याक्रौँको पार्टी पराजित भएपछि सुरुमा लड्ने कुनै इच्छा नभएको बताइए पनि राष्ट्रपति म्याक्रौँलाई फ्रान्सेली विधायिका निर्वाचन अभियान चलाउनुपरेको छ ।सामान्यतया फ्रान्सेली सञ्चारमाध्यममा सर्वव्यापी रहेका अट्टल सोमबार निर्वाचनको घोषणापछि एयरवेभमा स्पष्ट रूपमा अनुपस्थित हुनुहुन्थ्यो ।

म्याक्रौँले आइतबार टेलिभिजनमा सम्बोधन गर्दै निर्वाचनलाई स्तब्ध पार्ने कदमको संज्ञा दिँदा अट्टलले कुनै टिप्पणी गर्नुभएन । उहाँले म्याक्रौँको एक्समा गरेको सम्बोधनलाई पुनः पोष्ट मात्र गर्नुभयो भने ब्रिफिङका सहभागीले बताए ।प्रसारणकर्ता बीएफएमटिभीका अनुसार उहाँले म्याक्रौँलाई राजीनामा दिएर संसद विघटन गर्नबाट रोक्न प्रयास गर्नुभएको थियो तर उहाँको प्रयास सफल हुन सकेन ।

"मलाई जे भनिएको छ म त्यही गर्छु," उहाँले सोमबार आफ्ना एक वार्ताकारसँग बताउनुभयो । नाम नबताउने शर्तमा स्रोतले एएफपीलाई भन्यो, "राष्ट्रपतिलाई अस्वीकार गरिएको छ भन्ने थाहा भए पनि अब उहाँ चुनाव प्रचारमा जान लाग्नुभएको छ ।" सत्तासीन दलका प्रमुख भ्यालेरी हायरलाई उछिन्न खोजेको आरोप खेपिरहेका अट्टलले युरोपेली चुनावी अभियानमा महत्वपूर्ण भूमिका खेल्नुभएको थियो । नेता जोर्डन बार्डेलासँग भएको बहसमा उहाँलाई व्यापक रूपमा पछ्याइएको थियो ।

# नेपाल र यमनबीचको खेल बराबरीमा टुगिंयो



काठमाण्डु । फिफा विश्वकप २०२६अन्तर्गत एसियाली छनोटको दोस्रो चरणको अन्तिम खेलमा नेपाल र यमनले समान गोल गरेका छन् ।

साउदी अरबको दमामस्थित प्रिन्स मोहमद बिन फहद मैदानमा बुधबार बिहान सखारै समाप्त भएको खेलमा नेपाल र यमनबीचको खेल दुई-दुई गोलको बराबरीमा टुङ्गिएको हो ।अन्तरर्राष्ट्रिय सञ्चारमाध्यमका अनुसार नेपालका लागि फरवार्डरद्वय सञ्जीव विष्ट र जिलेस्पीजङ्ग कार्कीले समान एक-एक गोल गरे । खेलको नवौँ मिनेटमा पेनाल्टीमार्फत नेपालले गोल खान पुगेको थियो । बक्सभित्र मनिष डाँगीले यमनका खेलाडी रमी अल-वासमानीमाथि खेल नियम उल्लङ्घन गरेपछि यमनले पेनाल्टी पाएको थियो । पेनाल्टी सदुपयोग गर्दै नसीम अल-गाहवाहीले गोल गरेका थिए ।

खेलको २२औं मिनेटमा सञ्जीवले गोल फर्काका थिए । खेलको ६६औं मिनेटमा नेपालले अग्रता लियो । नेपालका छिरिङ लामाले खेलेको क्रसमा सञ्जीवकै हेडरमा जिलेस्पीले गोल गरे । नेपालको दुई-एक गोलको अग्रता लामो समयसम्म टिक्न सकेन । खेलको दोस्रो हाफको अतिरिक्त समयमा यमनका मोहम्मद अल-दाहीको गोल गरेपछि अन्ततः खेल दुई-दुई गोलको बराबरीमा सकियो । उक्त छनोट प्रतियोगितामा नेपालले एक अङ्क जोडेको हो । नेपालले यसअघि कुनै पनि गोल गर्न सकेको थिएन । यो खेलसँगै नेपालले समूह चरणका छ खेलमा एक अङ्क जोड्दै विश्वकप छनोटको दोस्रो चरणको यात्राको अन्त्य गरेको छ ।

यसअघि नेपाल युएईसँग पहिलो खेलमा चार-शून्य र यमनसँग दुई-शून्यले पराजित भएको थियो । बहराइनसँगको पहिलो खेलमा पाँच-शून्य र दोस्रो खेलान तीन-शून्यले नेपाल पराजित भएको थियो ।नेपाल रहेको समूह 'एच' मा संयुक्त अरब इमिरेट्स (युएई) १६ अङ्कसहित शीर्षस्थानमा छ भने बहराइन ११ अङ्कसहित दोस्रोमा छ । यी दुई टोली विश्वकप छनोटको तेस्रो चरणमा प्रवेश गरेका छन् । पाँच अङ्कसहित तेस्रो भएको यमन र नेपालले एसियन कप छनोटको तेस्रो चरणमा पनि स्पर्धा गर्नेछन् ।रासस

# वर्षाका कारण नेपाल र श्रीलङ्काबीचको खेल रद्द

काठमाण्डु । आइसिसी टि-२० विश्वकप क्रिकेट प्रतियोगिताअन्तर्गत नेपाल र श्रीलङ्काबीचको खेल वर्षाका कारण रद्द भएको छ ।



अमेरिकाको फ्लोरिडास्थित ब्रोआर्ड काउन्टी मैदानमा बुधबार बिहान सवा पाँच बजेदेखि सुरु हुने भनिए तापनि निरन्तर वर्षा भएपछि खेल रद्द भएको हो । खेल रद्द भएसँगै दुवै टोलीले समान एक-एक अङ्क बाँडेका छन् ।

विश्वकपमा नेपालले दुई खेलमा एक अङ्क जोडेको छ भने तीन खेलबाट श्रीलङ्काको पनि समान एक अङ्क नै छ । नेपालको अघिल्लो चरण प्रवेशको सम्भावना कायमै छ । विश्वकपको समूह 'डी' मा रहेको दक्षिण अफ्रिका तीन खेलमा छ अङ्कका साथ सुपर आठमा प्रवेश गरिसकेको छ । बङ्गलादेश र नेदरल्यान्ड्सको समान दुई खेलबाट समान दुई-दुई अङ्क नै छ । नेपालले अब वेस्टइन्डिजमा यही जेठ ३२ गते दक्षिण अफ्रिकासँग खेल्नेछ ।रासस

# कुवेतमा भवनमा भएको आगलागीबाट ३५ भन्दा बढीको मृत्यु

एएफपी

कुवेत सिटी । कुवेतमा करिब दुई सय विदेशी कामदार रहेको एक भवनमा बुधबार बिहानै आगलागी हुँदा ३५ जनाभन्दा बढीको मृत्यु भएको छ ।आगलागीबाट दर्जनौँ घाइते भएको अधिकारीहरूले बताएका छन् । स्वास्थ्य मन्त्रालयका अनुसार कुवेत सिटीको दक्षिणमा रहेको मङ्गफ क्षेत्रमा आगलागी हुँदा ४३ जना घाइते भएका छन् । मङ्गफ आप्रवासी कामदारहरूको बाहुल्य रहेको क्षेत्र हो ।



"दुर्भाग्यवश हामीलाई बिहान ठिक छ बजे मङ्गफ क्षेत्रमा आगो लागेको सूचना प्राप्त भयो", गृह मन्त्रालयको जनरल डिपार्टमेन्ट अफ क्रिमिनल इभिडेन्सका प्रमुख मेजर जनरल ईद अल-ओवाइहानले भन्नुभयो, "मेरो भवनको पछाडि भएको मृत्यु हुनेहरूको सङ्ख्या ३५ भन्दा बढी छ ।"कामदारहरूका रोजगारदाताले मन्त्रीलाई दिएको जाननकारीअनुसार घटनास्थलबाट प्राप्त तस्बिरले छ तले उक्त भवनको बाहिरी भागमा कालो लागेको देखिएको छ, भवनमा एक सय ९६ कर्मचारी बस्छन् ।तेलको धनी मुलुक कुवेतमा ठूलो सङ्ख्यामा विदेशी कामदार छन् । यीमध्ये धेरै दक्षिण तथा दक्षिणपूर्वी एसियाका छन् र धेरैजसो निर्माण वा सेवा उद्योगहरूमा काम गर्छन् ।

जनरल फायर डिपार्टमेन्टको एक स्रोतका अनुसार भुइँ तलामा आगो लागेपछि निस्केको धुवाँले पीडितहरू निस्सासिएका थिए । "फोरेन्सिक टोलीले घटनास्थलमा काम गरिरहेका छन् र अहिलेसम्म तीन शवको सनाखत भएको छ", ओवाइहानले भन्नुभयो । पीडितहरूको राष्ट्रियता घोषणा गरिएको छैन तर एएफपीले सम्पर्क गर्दा भारतीय राजदूतले अस्पतालमा जीवितहरूसँग भेट्न गएको बताउनुभयो । भारतका विदेशमन्त्री एस. जयशङ्करले सामाजिक सञ्जाल एक्समा समाचारबाट गहिरो स्तब्ध भएको बताउनुभएको छ । साथै उहाँले दुःखदरूपमा ज्यान गुमाउनेहरूको परिवारप्रति गहिरो समवेदना व्यक्त गर्नुभएको छ ।

गृहमन्त्री शेख फहद अल-युसेफले घटनास्थलको भ्रमण गर्दै सम्भावित लापरवाहीको जाँचका लागि भवनका मालिकलाई पक्राउ गरिएको बताउनुभयो । उहाँले सुरक्षा नियमहरूको उल्लङ्घन गर्ने कुनै पनि सम्पत्तिलाई तुरुन्त खाली गरिने चेतावनी दिनुभयो ।"हामी कामदारहरूको भीडभाड र उपेक्षाको समस्यालाई सम्बोधन गर्न काम गर्नेछौँ, आगलागी भएको सम्पत्तिका मालिकलाई कानूनी प्रक्रिया पूरा नभएसम्म हिरासतमा राख्नेछौँ", उहाँले भन्नुभयो ।

इराक र साउदी अरबको सीमामा रहेको तथा विश्वको करिब सात प्रतिशत तेल भण्डार रहेको कुवेतमा देखिएको यो आगलागी सबैभन्दा भीषण आगलागीमध्ये एक हो । आफ्ना पतिले अर्को विवाह गरेको भन्दै बदला लिन सन् २००९ मा एक कुवेती महिलाले विवाह भोजमा पालमा आगजनी गर्दा ५७ जनाको मृत्यु भएको थियो । मानिसहरू भित्र खुशीयाली मनाइरहँदा नुसरा अल-एनेजीले पालमा पेट्रोल फ्याँकेर आगो लगाएकी थिइन् । उक्त अपराधका लागि सन् २०१७ मा उनलाई मृत्युदण्ड दिइएको थियो । उक्त घटनाका पीडितहरूमा धेरै महिला र बालबालिका थिए ।

# अष्ट्रेलिया विश्वकपको सुपर आठमा प्रवेश

काठमाण्डु । अष्ट्रेलियाले नामिबियालाई हराउँदै आइसिसी टि-२० विश्वकप २०२४ को सुपर आठमा पुगेको छ ।




वेस्टइन्डिजको सरभिभियन रिचर्ड्स रङ्गशालामा भएको खेलमा अस्ट्रेलियाले नामिबियालाई नौ विकेटले पराजित गर्दै विश्वकपको सुपर आठमा प्रवेश गरेको हो ।

समूह 'बी' मा रहेको अष्ट्रेलियाले लगातर तेस्रो जित निकाल्दै विश्वकपको सुपर आठमा पुगेको हो । अष्ट्रेलियाले यसअघि ओमानलाई ३९ र इंग्ल्याण्डलाई ३६ रनले हराएको थियो ।

अन्तरराष्ट्रिय सञ्चारमाध्यमहरूका अनुसार नामिबियाले जितका लागि दिएको ७३ रनको सामान्य लक्ष्य पछ्याएको अष्ट्रेलियाले पाँच दशमलव चार ओभरमा एक विकेट गुमाउँदै पूरा गर्यो । अष्ट्रेलियाका लागि ट्रविस हेडले सर्वाधिक ३४ रनको योगदान दिए । उनले १७ बलमा पाँच चौका र दुई छक्कासहित ३४ रनमा अविजित रहेका हुन् । त्यस्तै डेविड वार्नरले २० जोड्दा कप्तान मिचेल मार्सले १८ रन बनाए । नामिबियाका डेविड विजाले एक विकेट लिए ।

त्यसअघि टस हारेर पहिला ब्याटिङको गरेको नामिबिया १७ ओभरमा सबै विकेट गुमाउँदै ७२ रनमा समेटिएको थियो । नामिबियाका लागि कप्तान जेराल्ड इरास्मसले ४३ बलमा चार चौका र एक छक्कासहित सर्वाधिक ३६ रनको योगदान दिए । त्यस्तै माइकल भान लिंगेनले १० रन बनाउनुबाहेक अन्य खेलाडीले दोहोरो अङ्कमा रन बनाउन सकेनन् ।

समूह 'बी'मा अष्ट्रेलिया तीन खेलमा छ अङ्कका साथ शीर्षस्थानमा छ । त्यसैगरी सोही समूहमा रहेको स्कटल्याण्ड तीन खेलमा दुईमा जित र एक खेलमा अङ्क बाँड्दै पाँच अङ्कका साथ दोस्रो स्थानमा छ ।

नामिबिया तीन खेलमा एक जित र दुई खेलमा हारसहित दुई अङ्कका साथ तेस्रो स्थानमा छ । इंग्ल्याण्ड दुई खेलमा एक अङ्कका साथ चौथो स्थानमा छ । ओमान तीन खेलमा जितविहीन हुँदै विश्वकपबाट बाहिरिसकेको छ । विश्वकपमा सहभागी प्रत्येक समूहका शीर्ष दुई स्थानमा पुग्ने टोली सुपर आठमा पुग्ने प्रावधान रहेको छ ।रासस

# विश्व स्वास्थ्य सङ्गठनद्वारा भारतमा 'मानवमा बर्ड फ्लू'को सङ्क्रमण पुष्टि

एएनआई

कलकत्ता । पश्चिम बङ्गालमा चार वर्षीय बच्चामा एच-९ एन-२ भाइरस पत्ता लागेपछि विश्व स्वास्थ्य सङ्गठनले भारतमा बर्ड फ्लूको मानव सङ्क्रमण पुष्टि गरेको छ ।

भारतबाट डब्ल्यूएचओलाई अधिसूचित एभियन इन्फ्लुएन्जा ए (एच-९ एन-२) को यो दोस्रो मानव सङ्क्रमण हो । पहिलो सन् २०१९मा पुष्टि गरिएको थियो । सङ्क्रमित बच्चा भने निको भई अस्पतालबाट डिस्चार्ज गरिएको छ । पश्चिम बङ्गालमा एभियन इन्फ्लुएन्जा भाइरसको मानव सङ्क्रमणसम्बन्धी खबर डब्ल्यूएचओका भारतका लागि अन्तर्राष्ट्रिय स्वास्थ्य नियमन अधिकारीबाट अधिसूचना प्राप्त गरेको डब्ल्यूएचआले प्रेस विज्ञप्तिमा जनाएको छ । श्वासप्रश्वासमा गम्भीर समस्या, बारम्बार उच्च ज्वरो र पेटमा ऐंठनका कारण बिरामीलाई स्थानीय अस्पतालको बाल स्याहार एकाइ (आईसीयू) मा भर्ना गरी उपचार सुरू गरिएको थियो ।

उनलाई फेब्रुअरी २८ मा अस्पतालबाट डिस्चार्ज गरिएको थियो तर श्वासप्रश्वासको गम्भीर कष्टको पुनरावृत्तिपछि उनलाई अर्को सरकारी अस्पतालको बाल आईसीयूमा भर्ना गरिएको थियो भने मार्च ३ मा उनलाई ट्यूुव राखेर औषधि दिने काम गरिएको थियो । बिरामीको रगत तथा खकारको नमूनालाई कोलकाता भाइरस रिसर्च एन्ड डायग्नोस्टिक प्रयोगशालामा पठाइएको र त्यहाँको परीक्षणबाट उनलाई एच-९ एन-२ सङ्क्रमण पुष्टि भएको हो । बिरामीलाई मे १ मा अक्सिजन सहयोगसहित अस्पतालबाट डिस्चार्ज गरिएको छ ।

डब्लुएचओले सङ्क्रमित बिरामी घर र वरपरको कुखुराको सम्पर्कमा आएका हुनसक्ने जनाएको छ ।रासस

# अठहत्तर प्रतिशत वडाको मुख्य आम्दानीको स्रोत भूमि र मालपोत कर

काठमाण्डु । राष्ट्रिय तथ्याङ्क कार्यालयले बुधबार सार्वजनिक गरेको राष्ट्रिय जनगणना २०७८ को सामुदायिक प्रश्नावलीअन्तर्गतको नतिजा अनुसार अधिकांश वडाको आम्दानीको स्रोत भूमि र मालपोत कर देखिएको छ ।

देशभर कूल छ हजार सात सय ४३ वडा रहेकामा पाँच हजार दुई सय ९४ वडा अर्थात् ७८ दशमलव पाँच प्रतिशतको मुख्य राजस्वको स्रोत भूमि तथा मालपोत कर रहेको तथ्याङ्क कार्यालयले जनाएको छ। प्रमुख राजस्व स्रोतका रुपमा सेवा दस्तुर चार हजार छ सय ५८ वडा अर्थात् ६९ दशमलव एक प्रतिशत बराबर रहेको छ। सम्पत्ति कर तीन हजार छ सय आठ अर्थात् ५३ दशमलव पाँच, व्यवसाय कर तीन हजार पाँच सय ५६० वडा अर्थात् ५२ दशमलव आठ प्रतिशत रहेको देखिएको छ। घरबहाल कर दुई हजार दुई सय १५ वडा अर्थात् ३२ दशमलव आठ र घरजग्गा रजिस्ट्रेसन कर दुई हजार एक सय ६९ अर्थात् ३२ दशमलव दुई प्रतिशत रहेका छन्। दण्ड जरिवाना, सवारीसाधन, मनोरञ्जन र अन्य करसमेत रहेका छन्।

तथ्याङ्क कार्यालयको प्रतिवेदनअनुसार देशभरका दुई हजार नौ सय अर्थात् ४३ प्रतिशत वडामा गैरकृषि उत्पादन हुने गरेको देखिएको छ। गैरकृषि उत्पादन सबैभन्दा बढी हुने प्रदेशमा गण्डकी ५१ दशमलव आठ र बागमती ४६ दशमलव आठ प्रतिशत रहेको छ। वडाबाट हुने निकासीको अवस्था हेर्दा सबैभन्दा धैरै नदीजन्य वस्तुको निकासी हुने गरेको देखिन्छ। वडाबाट निकासी हुने वस्तुमा नदीजन्य उत्पादनले पहिलो स्थान अर्थात् ५२ दशमलव ७ प्रतिशत रहेको प्रतिवेदनमा उल्लेख छ। वडाहरुले बढी निकासी गर्ने वस्तुमा दोस्रो, तेस्रो र चौथो स्थानमा क्रमशः औद्योगिक वस्तु १२, काठ-दाउरा ११ दशमलव आठ र माटो/इँटा पाँच दशमलव छ प्रतिशत रहेका छन्।

प्रदेश तहको तथ्याङ्क अनुसार सातवटै प्रदेशमा नदीजन्य उत्पादनले पहिलो स्थान




लिएको छ । दोस्रो र तेस्रो स्थानमा भने प्रदेशअनुसार काठजन्य, औद्योगिक वस्तु, माटो/इँट्टा, मसलाजन्य वस्तु र जडीबुटीले लिएको देखिन्छ। कार्यालयको प्रतिवेदनअनुसार देशभरका ३१ दशमलव सात प्रतिशत वडामा मात्र सार्वजनिक शौचालय सुविधा रहेको देखिएको छ भने बाँकी ६८ दशमलव तीन प्रतिशतमा सार्वजनिक शौचालय छैन ।

सबैभन्दा धैरै ४९ दशमलव पाँच प्रतिशत सार्वजनिक शौचालय गण्डकी प्रदेशमा पाइयो भने सबैभन्दा कम ३१ दशमलव एक प्रतिशत सुदूरपश्चिम प्रदेशमा रहेको देखिन्छ । स्थानीय सरकार र राज्यको खुला दिसामुक्त अभियानको प्रभावकारिता न्यून देखिँदा पर्याप्त सार्वजनिक शौचालय निर्माण हुन नसकेको देखिएको हो । बधशालालाई सहरी क्षेत्रको सरसफाइ र स्वास्थ्य सचेतनाका दृष्टिले महत्वपूर्ण पूर्वाधार मानिन्छ । देशभरका कूल वडामध्ये केवल नौ दशमलव एक प्रतिशतमा मात्र बधशाला रहेको छ । बधशालाको संख्या लुम्बिनी र बागमतीका करिब १० प्रतिशत वडामा मात्र रहेको देखियो भने सुदूरपश्चिममा करिब ७ प्रतिशत वडामा मात्र रहेको देखियो । औसतमा नेपालका ९१ प्रतिशत वडामा बधशाला रहेको देखिएन ।

देशभरका छ हजार सात सय ४३ वडामध्ये प्रहरी कार्यालय चौकी दुई हजार चार सय ७५ वडा अर्थात् ३६ दशमलव सात प्रतिशतमा रहेको छ । कुनै पनि प्रहरी कार्यालय चौकी नभएका वडा ६३ दशमलव तीन प्रतिशत छन् । देशभरमा चार हजार दुई सय ६८ वडामा प्रहरी कार्यालय चौकी नभएको देखिन्छ ।

देशभरमा वृद्धाश्रमको सुविधा भएको वडाको सङ्ख्या चार सय ३७ अर्थात् छ दशमलव पाँच प्रतिशत छन् । देशभरमा कुनै पनि वृद्धाश्रमको सुविधा नभएका वडा छ हजार तीन सय छ अर्थात् ९३ दशमलव ५ प्रतिशत छन् । प्रदेशअनुसार सबैभन्दा बढी बागमती प्रदेशका नौ दशमलव नौ प्रतिशत अर्थात् एक सय ११ वडामा बुद्धाश्रमको सुविधा छ भने सबैभन्दा कम कर्णाली प्रदेशमा पाँच दशमलव चार प्रतिशत अर्थात् ३९ वडामा वृद्धाश्रमको सुविधा रहेका छन् ।

देशभरमा बालगृहको सुविधा भएको जम्मा वडा चार सय ३१ अर्थात् ६४ प्रतिशत छन् । देशभर कुनै पनि बालगृहको सुविधा नभएका वडाको सङ्ख्या छ हजार तीन सय १२ अर्थात् ९३ दशमलव छ प्रतिशत छन् । व्यवस्थित शवदाहस्थल/शव गाड्ने स्थलको सुविधा भएको वडा देशभरमा एक हजार सात सय ९० वडा अर्थात् २६ दशमलव पाँच प्रतिशत छन् । प्रदेशमा सबैभन्दा बढी गण्डकी प्रदेशमा ३५ दशमलव तीन प्रतिशत वडामा र कम सुदूरपश्चिम प्रदेशमा १२ दशमलव एक प्रतिशत बडामा व्यवस्थितस्थल शव गाड्नेस्थलको सुविधा रहेको छ ।

कुनै पनि व्यवस्थित शवदाहस्थल शव गाड्ने स्थलको सुविधा नभएका वडा ७३ दशमलव पाँच प्रतिशत छन् । जनगणनामा सङ्कलन गरिएको विवरणअनुसार वडाका स्वास्थ्य संस्थामा उपलब्ध विभिन्न सुविधामध्ये सबैभन्दा बढी खोप सेवा ९५ दशमलव दुई प्रतिशत अर्थात् छ हजार चार सय १८ वडामा रहेको छ ।

सबैभन्दा कम सर्पदंश उपचार सेवा १२ प्रतिशत अर्थात् आठ सय नौ वडामा मात्र उपलब्ध छ । नेपालमा १७ हजार पाँच सय ९३ टोल बस्ती तथा गाउँ रहेको देखिएको छ । वडाको केन्द्रबाट सबैभन्दा टाढाको गाउँबस्तीसम्म पुग्नको लागि प्रयोग गरिने सवारी साधनमध्ये सवारी साधन र पैदल दुवै प्रयोग हुने देशभरिका वडा चार हजार आठ सय ६४ अर्थात् ७२ दशमलव एक प्रतिशत रहेका छन् । सवारीसाधन मात्रै प्रयोग गरिने वडा तीन दशमलव २७ प्रतिशत रहेका छन् । सवारीसाधन प्रयोग नहुने वडाको संख्या एक हजार छ सय ६१ अर्थात् २४ दशमलव छ प्रतिशत रहेका छन् ।

प्रतिवेदन सार्वजनिक कार्यक्रममा राष्ट्रिय योजना आयोगका सचिव तोयनारायण ज्ञवालीले यो तथ्याङ्कलाई सरकारको नीति तथा कार्यक्रम र बजेटमा जोड्ने र त्यसमा राष्ट्रिय योजना आयोगकोसमेत भूमिका रहने बताउनुभयो । “यो तथ्याङ्कले विकासका लागि क्षेत्रगत प्राथमिकता निर्धारणमा सघाउनेछ । दिगो विकास लक्ष्य प्राप्त गर्नका लागि सन्दर्भ सामग्रीका रुपमा काम गर्ने र सेवा प्रवाहमा सघाउने अपेक्षा गरेका छौँ”, उहाँले भन्नुभयो ।राष्ट्रिय तथ्याङ्क कार्यालयका प्रमुख तथ्याङ्क अधिकारी अर्जुनप्रसाद पोखरेलले विकास पूर्वाधार बनाउँदा कुन वडालाई प्राथमिकतामा राख्ने र सम्बन्धित वडामा कस्तो खालको पूर्वाधारको आवश्यकता छ भनेर बुझ्न यो तथ्याङ्कले सहयोग पुर्‍याउने बताउनुभयो ।रासस

# प्राधिकरणद्वारा अत्याधुनिक ‘डेटा सेन्टर’ सञ्चालन

काठमाण्डु । नेपाल विद्युत् प्राधिकरणले अन्तर्राष्ट्रियस्तरको अत्याधुनिक ‘डेटा सेन्टर’ सञ्चालनमा ल्याएको छ ।

प्राधिकरणले भविष्यमा व्यावसायिक कम्पनीलाई समेत सेवा उपलब्ध गराउन सक्नेगरी काठमाडौंको स्यूचाटारस्थित भार प्रेषण केन्द्रसँगै अत्याधुनिक सुविधा सम्पन्न अन्तर्राष्ट्रियस्तको डेटा सेन्टर सञ्चालनमा ल्याएको हो ।‘प्रि फेब्रिकेटेड कन्टेनर’ प्रयोग गरी तयार गरिएको तीन तला भवनको भुइँ तलामा काठमाडौं उपत्यकाको भूमिगत विद्युत् वितरण प्रणाली अनुगमन, नियमन तथा नियन्त्रण र सुरक्षा सञ्चालन कक्ष रहेका छन् । पहिलो तलामा कार्यालय तथा नेटवर्क सञ्चालन कक्ष र सबैभन्दा माथिल्लो तलामा डेटा सेन्टर रहेको छ ।

डेटा सेन्टरका लागि तोकिएको ‘टियर-३’ अन्तर्राष्ट्रिय मापदण्डलाई पालना गरी उक्त सेन्टर निर्माण गरिएको प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले जानकारी दिनुभयो ।

उहाँका अनुसार प्राधिकरणले आफ्नो सेवालाई आधुनिक बनाउने उद्देश्यलाई पूरा गर्न डिजिटल एनइए कार्यक्रमअन्तर्गत निर्माण गरेको यस किसिमको नमुना ‘डेटा सेन्टर’ नेपालमै पहिलो हो ।

डेटा सेन्टरमा प्राधिकरणका सूचना प्रविधिसँग सम्बन्धित सर्भरलगायत सबै डेटाहरु एकीकृत भण्डार गरी क्रमशः राखिने कार्यकारी निर्देशक घिसिङले बताउनुभयो । उहाँले डेटा सेन्टर सञ्चालनमा आएसँगै प्राधिकरणले डेटा भण्डारणका लागि आफ्नो छुट्टै ‘प्राइभेट क्लाउड’ बनाउन लागिरहेको जानकारी दिनुभयो । कार्यकारी निर्देशक घिसिङले डेटा सुरक्षाका लागि नवलपरासीको सुनवलस्थित नयाँ



बुटवल सबस्टेसनमा विपद् रिकभरी सेन्टर निर्माण गर्ने प्रक्रिया अगाडि बढेको उल्लेख गर्नुभयो । उहाँका अनुसार उक्त रिकभरी सेन्टर निर्माण नहुन्जेल हाल प्राधिकरणको प्रधान कार्यालयमा रहेको पुरानो डेटा सेन्टरलाई रिकभरी सेन्टरका रुपमा सञ्चालन गरिने छ ।

सञ्चालनमा ल्याइएको नयाँ डेटा सेन्टरमा ४० वटा सूचना प्रविधि कक्ष रहेका छन । तीमध्ये ३६ सर्भर र चार वटा नेटवर्क कक्ष प्राधिकरणले जनाएको छ । टियर ३ मापदण्डका लागि तोकिएका सर्तहरु पूरा गर्न आवश्यक व्याकप (सञ्चित)सहितको अविच्छिन्न विद्युत् आपूर्ति (एन प्लस वान पावर सप्लाई), चिस्यान (कुलिङ), स्वचालित अग्नि नियन्त्रण, सिसिटिभी निगरानी, सञ्चालन तथा सुरक्षाको निगरानीलगायत व्यवस्था गरिएको छ । अविछिन्न विद्युत् आपूर्तिका लागि बहुवैकल्पिक व्यवस्था गरिएको छ ।

स्थानीय तथा मुलुकको विद्युत् प्रणालीमा समस्या आएर विद्युत् आपूर्ति बन्द भएमा डेटा सेन्टरलाई सुरक्षित रुपमा सञ्चालन गर्न एक मेगावाट क्षमताका दुईवटा जेनेरेटर तयारी अवस्थामा राखिएको कार्यकारी निर्देशक घिसिङले बताउनुभयो । तीन सय केभिए क्षमताका दुई थान मोड्युलर युपिएस जडान गरिएको छ । युपिएसको विश्वसनीयतालाई ध्यान दिएर लिथियम आयन ब्याट्री प्रयोग गरिएको भन्दै मर्मत सम्भार तथा उपकरण प्रतिस्थापन गर्दा सेन्टरलाई बन्द गर्नु नपर्ने उहाँको भनाइ छ। प्राधिकरणको रत्नपार्कमा रहेको प्रधान कार्यालय र सेन्टरलाई जोड्न वैकल्पिक मार्गसहितको अप्टिकल फाइबर जडान गरिएको छ। प्राधिकरणको प्रधान कार्यालय र डाटा सेन्टरलाई टेकु र बालाजुतर्फबाट अप्टिकल फाइबरमार्फत जोडिएको हो। उक्त डाटा सेन्टरलाई २४ घण्टा सञ्चालन गर्न कर्मचारी खटाइएको छ ।डेटा सेन्टरका अतिरिक्त सेन्टरबाट काठमाडौं उपत्यकाको विद्युत् वितरण प्रणालीलाई स्वचालित बनाउन निर्माणाधीन भूमिगत वितरण प्रणालीलाई अनुगमन, नियमन र नियन्त्रण गर्न सकिने पूर्वाधार तथा संरचना निर्माण गरिएको छ । यसमा उपत्यकाका सबस्टेसन तथा स्वीचिङ स्टेसनहरु जोडिने कार्यकारी निर्देशक घिसिङले जानकारी दिनुभयो ।

केन्द्रबाट ११ केभी भन्दा कम ग्राहकको घरसम्म पुग्ने विद्युत् वितरण प्रणालीको व्यवस्थापन, अनुगमन र नियन्त्रण गर्न सकिने छ। रासस

# फुटबल सिजनमा सामसङ टिभी खरिद गर्दा विशेष अफर




टुडे समाचारदाता

जनकपुरधाम। टिभी प्रविधिको क्षेत्रमा विश्वव्यापी रूपमा १८ वर्ष देखि निरन्तर अग्रणी रहेको ब्रान्ड सामसङले आगामी फुटबल सिजनको लागि नेपाली बजारमा विशेष अफर ल्याएको छ। फुटबल फ्यानहरूको लागि सामसङले नवीनतम टिभीहरूमा ३८% सम्मको छुट प्रदान गर्दै छ साथै यस अफरमा चयन गरिएका ठुलो टिभी मोडलहरू खरिद गर्दा ग्राहकहरूले निःशुल्क साउन्ड बार प्राप्तगर्न सक्ने योजना छ र अन्य टिभीसँगै खरिद गरिएका चुनिँदा साउन्ड बारहरूमा ५०% सम्म क्यासब्याकको अफर पनि उपलब्ध छ। क्रिस्टल-क्लियर पिक्चर गुणस्तर र इमर्सिभ साउन्ड सुनिश्चितगर्दै, सामसङले आफ्ना ग्राहकहरूका लागि अविस्मरणीय फुटबल सिजनको प्रतिज्ञा गरेको छ।

यो अफर सामसङ इन्स्टा फाइनान्सको साथ पनि प्राप्त गर्न सकिन्छ, जसले ग्राहकहरूलाई १८ महिना अवधिको लागि ० % ब्याज ईएमआईमा सामसङका नवीनतम टिभीहरू खरिद गर्न सक्नेछन। यस विशेष सेवाको लाभ लिन ग्राहकहरुलाई मात्र आफ्नो नागरिकतापेश गरी ईएमआई पाइने सुविधा पनि उपलब्ध गराइएको छ । ग्राहकहरूको लागि आफ्नो पुरानो इलेक्ट्रोनिक्स उपकरण तथा टिभीहरूलाई आरकोस्टोर डटकम मार्फत नयाँ सामसङ टिभीसँग साट्न,एक्सचेन्ज सेवा पनि उपलब्ध गराइएको छ। निःशुल्क इन्सटलेसन् सेवा र खरिद गरिएको टिभीमा ३ वर्षको पूर्ण वारेन्टी जस्ता सुविधाहरूले सामसङकाग्राहकहरूलाई झन्झट रहित उत्कृष्ट टिभी किन्ने अवसर प्रदान गरेको छ।

विस्तृत जानकारीको लागि र यी विशेष अफरहरूको फाइदालिनको लागि, आज नै नजिकको आधिकारिक सामसङ डिलरमाजानकारी लिन सकिन्छ । यो अफर आधिकारिक वितरक हिम इलेक्ट्रोनिक्स प्रा.लि र नेपालभर सामसङ टिभीहरूको लागि आधिकारिक पुन विक्रेता त्रिवेणी व्यापारद्वारा देशभरका डिलर नेटवर्क मार्फत उपलब्ध गरिएको हो । यो योजना असार ३१, २०८१ सम्म लागु रहने छ।

सामसङले परिवर्तनकारी सोचहरु र प्रविधिहरुका साथ भविष्यलाई आकार दिन्छ अनिविश्वलाई प्रेरित गर्दछ । कम्पनीले टिभि, स्मार्टफोन, पहिरनयोग्य डिभाइस, ट्याब्लेट, डिजिटल उपकरण, नेटवर्क प्रणाली र मेमोरी, सिस्टम एलएसआइ, फाउण्ड्री र एलइडिको संसारलाई पुनःपरिभाषित गर्दैछ । सामसङको सम्बन्धमा नयाँनयाँ जानकारीहरु डब्लु डब्लु डब्लु टड न्युज डट सामसंग डट कम स्लेस इन को सामसंग समाचार कक्षबाट प्राप्त गर्न सकिन्छ ।

# सङ्घीय निजामती सेवा विधेयक पारित गर्न अब ढिलाइ नहोस् : ट्रेड युनियन

काठमाण्डु । प्रस्तावित सङ्घीय निजामती सेवा विधेयकलाई निष्कर्षमा पुर्‍याउन अब ढिलाइ गर्न नहुने सुझाव दिइएको छ। सो विधेयक मुलुक सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरेपछि राज्यबाट जनतालाई प्रदान गरिने सबैखाले सेवाको मानकका रुपमा रहेको बताइएको छ।

नेपाल एफएमद्वारा बुधबार आयोजित संसद् र सांसद रेडियो कार्यक्रममा सहभागी वक्ताहरुले लामो समयपछि अघि बढेको विधेयकलाई समृद्ध तुल्याएर अव यथाशीघ्र  पारित गर्नुपर्नेमा जोड दिनुभयो ।

त्यस अवसरमा पूर्वसचिव एवं विज्ञ गोपीनाथ मैनालीले प्रस्तावित सङ्घीय निजामती सेवा विधेयकमा थुप्रै संशोधन गर्नुपर्ने अवस्था देखिए पनि लामो समयपछि बल्ल अघि बढेकाले अहिलेको अवस्थामा छिटो पारित गर्ने विषय महत्वपूर्ण भएको बताउनुभयो ।उहाँले सरसर्ती हेर्दा निजामती सेवा विधेयक भए पनि मुलुकको समग्र सार्वजनिक प्रवाह गर्ने क्षेत्रको मानक रहेकाले कर्मचारीको मनोविज्ञानलाई समेत सम्बोधन गर्ने प्रयासबाट अघि बढाउनुपर्ने धारणा राख्नुभयो ।

उक्त विधेयकमाथि करिब एक हजार पाँच सयभन्दा बढी संशोधन परेको त्यस अवसरमा जानकारी दिइयो। पूर्वसचिव मैनालीले विधेकले सङ्घीयताको मर्म र भावना सम्बोधन गर्नुपर्नेमा त्यो नभएको तथा निजामती सेवाको मूल्य मान्यता, भर्ना प्रक्रिया, मूल्याङ्कन, सरुवा, बढुवा र कार्य सम्पादनमा निकै सुधारको खाँचो देखिएको बताउनुभयो । निवृत्तिभरण, तालिम र सरुवालाई व्यवस्थित तुल्याउन तथा समावेशी सिद्धान्तको मर्मलाई व्यवस्थित तुल्याउन विशेष ध्यान पुर्‍याउनुपर्नेमा जोड दिँदै विषय विज्ञकारुपमा सहभागी वक्ताले निजामती सेवालाई थप आकर्षण तुल्याउन र सचिव सरुवाका लागि कम्तीमा एक वर्षको प्रावधान राख्न सुझाव दिनुभयो ।

कार्यक्रममा कर्मचारीसँग सम्बन्धित विभिन्न ट्रेड युनियन, विधायक र पूर्वकर्मचारी सहभागी हुनुहुन्थ्यो ।  कर्मचारी व्यवस्थापन र नागरिकको सेवासँग जोडिएको विधेयकमा नागरिकलाई सेवा प्रदान गर्ने विषयलाई उच्च महत्व दिन आवश्यक रहेको बताउँदै उहाँहरुले सेवा प्रवाहलाई पवित्रता, उत्साहित, कर्तव्यनिष्ठ तुल्याउनुपर्नेमा जोड दिनुभयो ।रासस


## धनुषाधाम नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
धनुषाधाम, धनुषा
मधेश प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सुचना

प्रकाशित मिति २०८१/०२/३१

यस धनुषाधाम नगरपालिकाबाट प्रकाशित सूचना अनुसार देहाय का ठेक्का नं. का लागि तोकिएको मिति र समय भित्र E–Bidding मार्फत दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपशिल उल्लेखित बोलपत्रदाताको बोलपत्र न्युनतम मुल्यांकित सारभुत रुपमा प्रभावग्राही भएकोले बोलपत्र स्वीकृतीका लागी छनोट भएको हुदाँ सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ बमोजिम सो ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागी ७ (सात ) दिने सूचना प्रकाशित गरिएको छ ।

तपशिल

| ठेक्का नं. | कामको विवरण | फर्मको नाम | स्वीकृत गरिएको कबोल अंक रु. | कैफियत |
|---|---|---|---|---|
| DM/03/080-81 | Procurement of 1HP Electric water pump | Aaditya suppliers Nepalgunj 13, banke | २०,७२,६३१.०० भ्याट बाहेक | बोलपत्र |

प्रमुख प्रशासकिय अधिकृत




## नव दिप ज्योति बचत तथब ऋण सहकारी संस्था लि.
भंगहा न.पा.-४, प्रेमनगर, महोत्तरी

## ऋणीलाईकर्जा चुक्तागर्न आउने ३५ दिने संशोधित सुचना

(प्रथम पटक प्रकाशित मिति २०८१/०२/३१ गते जनकपुर टुडे राष्ट्रिय दैनिक)

यस संस्थाबाट ऋण कर्जा लिने तपाई ऋणीले ऋण/कर्जा लिदा गरि दिएको लिखत र ऋण/कर्जा सुविधा स्वीकृति शर्तमा तोकिए बमोजिम यस संस्थालाई बुझाउनु पर्ने ऋण/कर्जा रकमको मासिक व्याज तथा म्याद भित्र ऋण रकम चुक्ता भुक्तान नगरेको साथै संस्थाबाट लिखित तथा मौखिक रुपमा बारम्बार तर/ताकेता गर्दा समेत लिएको ऋण/कर्जा चुक्ता गर्न तर्फ तत्परता नदेखाएको हुनाले यो ३५ दिनेको सुचना प्रकाशित गरिएको छ । यो सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र संस्थालाई बुझाउनु पर्ने सावां, व्याज, हर्जाना तथा अन्य दै-दस्तुरहरु समेत चुक्ता भुक्तान गर्नुहोला । उक्त म्यादभित्र ऋण कर्जा चुक्ता भुक्तान नगरी बसेमा, ऋण/कर्जा लिदा लेखिएको ऋणी र व्यक्तिगत धन्जमानी बस्नेलाई समेत सहकारी ऐन २०७४ र सहकारी नियमावली २०७५ (संसोधन सहित ) को तथा अन्य नेपालको कानुन बमोजिम कारवाही वा अन्य व्यबस्था गरी लिने व्यहोरा जानकारी गराइन्छ । साथै ऋणी र व्यक्तिगत जमानतबाट यस संस्थाको सम्पुर्ण लेना रकम असुल उपर नभएमा ऋणी तथा जमानीकर्ताको अन्य चलअचल सम्पतिबाट बाँकी लेना रकम असुल उपर गरि लिने व्यहोरा समेत जानकारी गराइन्छ ।

तपसिल

| ऋणीको नाम तिनपुस्ते र ठेगाना | ऋणीको फोटो | व्यक्तिगत जमानत दिनेको विवरण |
|---|---|---|
| १) **ऋणीको नाम**: देबिन्द्र कुमार महतो<br>**साविकको ठेगाना**: महोत्तरी जिल्ला, भंगहा न.पा.,वडा-०४<br>**हालको ठेगाना**: महोत्तरी जिल्ला, भंगहा न.पा.,वडा-०४<br>**ना.प्र.प.नं.**: १८३०६१/३२१<br>**जारी मिति**: २०६३/१०/०६<br>**बाबुको नाम**: रामचन्द्र महतो<br>**बाजेको नाम**: राम किशुन महतो |  | १) **नाम**: राज कुमारी महतो<br>**साविकको ठेगाना**: धनुषा जिल्ला, नकटाझीज वडा -०२<br>**हालको ठेगाना**: महोत्तरी जिल्ला, भंगहा न.पा., वडा-०४<br>**ना.प्र.प.नं.**: १७३१००/२९३<br>**जारी मिति**: २०६३/११/२६<br>**बाबुको नाम**: रामप्रीत महतो<br>**पतिको नाम**: देबिन्द्र कुमार महतो |
| २) **ऋणीको नाम**: लक्ष्मी नारायण महतो<br>**साविकको ठेगाना**: महोत्तरी जिल्ला, भंगहा न.पा., वडा-०४<br>**हालको ठेगाना**: महोत्तरी जिल्ला, भंगहा न.पा.,वडा-०४<br>**ना.प्र.प.नं.**: १८१०६१/४१७<br>**जारी मिति**: २०६२/०६/१४<br>**बाबुको नाम**: रामनाथ महतो कोइरी<br>**बाजेको नाम**: सेबी महतो |  | २)**नाम**: रामनाथ महतो कोइरी<br>**साविकको ठेगाना**: महोत्तरी जिल्ला, भंगहा न.पा., वडा-०४<br>**हालको ठेगाना**: महोत्तरी जिल्ला, भंगहा वडा-०४<br>**बाबुको नाम**: सेबी महतो<br>**बाजेको नाम**: गंगा महतो |
| ३) **ऋणीको नाम**: रविन श्रेष्ठ<br>**साविकको ठेगाना**: महोत्तरी जिल्ला, भंगहा न.पा., वडा-०४<br>**हालको ठेगाना**: महोत्तरी जिल्ला, भंगहा न.पा., वडा-०४<br>**ना.प्र.प.नं.**: १८-०१-०६२/४६१<br>**जारी मिति**:<br>**बाबुको नाम**: प्रभु नारायण श्रेष्ठ<br>**बाजेको नाम**: दल बहादुर श्रेष्ठ |  | ३) **नाम**: हिरा कुमारी श्रेष्ठ<br>**साविकको ठेगाना**: मकवानपुर जिल्ला, राइगाऊ - ०३<br>**हालको ठेगाना**: महोत्तरी जिल्ला, भंगहा न.पा., वडा-०४<br>**पतिको नाम**: राबिन श्रेष्ठ<br>**ससुराको नाम**: प्रभु नारायण श्रेष्ठ |
| ४) **ऋणीको नाम**: सुखचन्द्र सिंह थारू<br>**साविकको ठेगाना**: महोत्तरी जिल्ला, भंगहा ,भंगहा -०३<br>**हालको ठेगाना**: महोत्तरी जिल्ला, भंगहा ,भंगहा -०३<br>**बाबुको नाम**: हरिनारायण सिंह<br>**बाजेको नाम**: सत्यनारायण सिंह |  | ४) **नाम**: अजय सिंह<br>**साविकको ठेगाना**: महोत्तरी जिल्ला, भंगहा , भंगहा -०३<br>**हालको ठेगाना**: महोत्तरी जिल्ला, भंगहा, भंगहा -०३<br>**बाबुको नाम**: सुखचंद्र सिंह थारू<br>**बाजेको नाम**: हरिनारायण सिंह |
| ५) **ऋणीको नाम**: मलभोगिया देवी<br>**साविकको ठेगाना**: महोत्तरी जिल्ला, न.पा. भंगहा वडा -०४<br>**हालको ठेगाना**: महोत्तरी जिल्ला, न.पा.भंगहा वडा -०४<br>**ना.प्र.प.नं.**: १८३०६१/१६१<br>**पतिको नाम**: राम हिरदय महतो<br>**ससुराको नाम**: बैएलाल महतो |  | ५) **नाम**: प्रदीप कुमार महतो<br>**साविकको ठेगाना**: महोत्तरी जिल्ला, न.पा.भंगहा वडा -०४<br>**हालको ठेगाना**: महोत्तरी जिल्ला, न.पा.भंगहा वडा -०४<br>**बाबुको नाम**: राम हिरदय महतो<br>**बाजेको नाम**: बैएलाल महतो |

नव दिप ज्योति बचत तथब ऋण सहकारी संस्था लि.
भंगहा न.पा.-४, प्रेमनगर, महोत्तरी

# एमबिबीएस कार्यक्रम सुरु गर्न मुख्यमन्त्री सिंहको जोड



**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशका मुख्यमन्त्री सतीशकुमार सिंहले आगामी आर्थिक वर्षबाट मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानमा चिकित्सा शिक्षातर्फको स्नातक तह (एमबिबीएस) अध्ययन-अध्यापन कार्यक्रम सुरु गर्नुपर्नेमा जोड दिएका छन् ।

प्रतिष्ठानका उपकुलपति प्राडा अंकुर साह, रजिष्ट्रार प्राडा विनोदकुमार यादव र मातहतको प्रादेशिक अस्पताल जनकपुरधामका मेडिकल डाइरेक्टर डा रामनरेश पण्डितसँग बुधबारको छलफलमा उनले कार्यक्रम सञ्चालन गर्न प्रदेश सरकारले आगामी आर्थिक वर्षको लागि नीति कार्यक्रममा समेत समावेश गरिसकेको जानकारी स्मरण गराए ।

प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले प्रस्तुत गरेकी मधेश प्रदेश सरकारको नीति तथा कार्यक्रमको बुँदा नं १२१ मा प्रतिष्ठानमा हाल सञ्चालनमा नरहेका शैक्षिक कार्यक्रम एमबिबीएस, बिडीएस, बी फार्मेसी, बिएमलटीलगायतका स्नातक कार्यक्रम सञ्चालन गर्न आवश्यक हुने पूर्वाधारलाई थप विस्तार तथा व्यवस्थापन गरिँदै लगिने उल्लेख छ ।

छलफलमा उपकुलपति प्राडा साहले एमबिबीएस कार्यक्रमका लागि चिकित्सा शिक्षा आयोगसँग अनुमतिका लागि आवश्यक कागजातहरु पठाइसकेको जानकारी गराएको बताए । उनले भने-'एमबिबीएस कार्यक्रम सञ्चालन गर्न मुख्यमन्त्री सहमत भएको छ र कार्यक्रम सञ्चालन गर्न सहयोग गर्ने प्रतिवद्धतासमेत व्यक्त गरे ।'

मुख्यमन्त्री सिंहले भौतिक संरचनालगायत कामका लागि आगामी बजेटमा आवश्यक रकम विनियोजन गर्ने आश्वासन पनि दिएको उपकुलपति प्राडा साहले जानकारी दिए ।

# व्यवस्थापन झुर

**टुडे समाचारदाता**

जनकपुरधाम । जनता समाजवादी पार्टी नेपालको एकताको राष्ट्रिय महाधिवेशन तीन दिनदेखि जनकपुरधाममा चलिरहेको छ ।

यस महाधिवेशन अन्तर्गत बुधबार जसपा नेपालको नेतृत्व चयनका लागि निर्वाचन हुनुपर्नेथ्यो ।

निर्वाचन समितिले निर्वाचन हुनु अघि सार्वजनिक गर्नुपर्ने मतदाता नामावली, उम्मेदवारी दर्ता, उम्मेदवारी उपर दाबी विरोध, अन्तिम उम्मेदवारको नामावलीसहितका कार्यतालिका रहे पनि अहिलेसम्म निर्वाचनको अन्तिम सूचना सार्वजनिक नगर्दा सहभागी प्रतिनिधिहरुसमेत अन्योलमा छन् ।

जसपा नेपालको महाधिवेशन व्यवस्थापन झुर हुँदा निर्वाचनका लागि अन्तिम उम्मेदवारहरुको नामावली निर्वाचन समितिले सार्वजनिक गर्न नसकेको प्रति प्रतिनिधिहरु आक्रोशित छन् ।

महाधिवेशनको बन्द सत्रदेखि निर्वाचनसमेत व्यवस्थापनसमितिलेसहज,सुलभ र व्यवस्थित गर्न नसक्दा जसपा नेपालको महाधिवेशनको सम्पूर्ण व्यवस्थापनमाथि नै प्रश्न खडा भएको नाम नबताउने सर्तमा एक केन्द्रीय नेताले बताए ।

उनले अध्यक्षमा उपेन्द्र यादव निर्विरोध भइसकेपछि अन्य पदाधिकारीदेखि केन्द्रीय सदस्यमा कसलाई ल्याउने सो विषयमा अध्यक्षले नै निर्णय गर्न सक्ने भएकै कारण निर्वाचनदेखि महाधिवेशन स्थल र निर्वाचन समितिले गर्नुपर्ने निर्वाचन स्थलको व्यवस्थापनमा समेत व्यापकरुपमा कमीकमजोरी देखिएको आरोप लगाए ।

# स्वीकृति नपाएपछि चुरे क्षेत्रमा बाँस रोप्ने दाता फर्किए

**चुरे क्षेत्रमा बाँस रोप्न चार अर्ब ८८ करोड ४० लाख (३७ मिलियन अमेरिकी डलर) अनुदान दिन फ्रान्सको दाता "रिफरेस्ट एक्सन" तयार रहेको समितिको भनाइ छ । समितिका अध्यक्ष डा. पौडेलले फ्रान्सको "रिफरेष्ट एक्सन"ले लामो समयसम्म सहमति पाउन नसकेको भन्दै अनुदान उपलब्ध नगराउने भन्दै सन्देश पठाएको जानकारी दिए ।**

**टुडे समाचारदाता**

काठमाण्डु । मुलुकको चुरे क्षेत्रका नदी किनारा तथा आसपास क्षेत्रमा बाँस रोप्न वित्तीय सहयोग गर्न तयार भएका दाता फर्किएका छन् । चुरे क्षेत्रको संरक्षण गर्ने मुख्य अख्तियारी पाएको राष्ट्रपति चुरे-तराई-मधेश विकास संरक्षण विकास समितिले सरकारले लामो समयसम्म स्वीकृति नदिएपछि दाता फर्किएको जनाएको छ ।

यसअघि वित्तीय सहयोग गर्न तयार भएका दाता फर्किएपछि नयाँ दाताको खोजी गरिने समितिका अध्यक्ष डा. किरण पौडेलले बताए । चुरे क्षेत्रमा बाँस रोप्न चार अर्ब ८८ करोड ४० लाख (३७ मिलियन अमेरिकी डलर) अनुदान दिन फ्रान्सको दाता 'रिफरेस्ट एक्सन' तयार रहेको समितिको भनाइ छ । समितिका अध्यक्ष डा. पौडेलले फ्रान्सको 'रिफरेष्ट एक्सन'ले लामो समयसम्म सहमति पाउन नसकेको भन्दै अनुदान उपलब्ध नगराउने भन्दै सन्देश पठाएको जानकारी दिए ।

'धैरै मिहिनेत गरेर हामीले बाँस रोपाइँमा लगानी गर्ने इच्छुक दाता (फ्रान्सको 'रिफरेष्ट एक्सन') भेटाएका थियौँ । परियोजनाको डिजाइनसमेत तयार भइरहेको थियो', उनले भने, 'वन तथा वातावरण मन्त्रालयले परियोजना स्वीकृति गर्नुपर्नेमा नगरेपछि लगानी गर्न सक्दैनौँ भन्दै दाता फर्किए ।'

पौडेलले मुलुकको पूर्वी क्षेत्रमा एक करोड र पश्चिम क्षेत्रमा एक करोड गरी दुई करोड बाँस राप्ने समितिको योजना रहेको जानकारी दिए । उनका अनुसार उक्त बाँस रोप्ने परियोजनाका लागि आन्तरिक स्रोत पर्याप्त नहुने भएपछि वित्तीय सहयोग गर्न वैदेशिक दातासँग समितिले अपिल गर्दै आएको छ । चुरेको माटो संरक्षण गर्न, बाँसबाट स्थानीय रोजगारी वृद्धि तथा हरित अर्थतन्त्र सुधार गर्न, वातावरणीय संरक्षण तथा कार्बन उत्सर्जन कटौतीमा सहयोग गर्ने लक्ष्यका साथ समितिले बाँस रोप्ने तयारी गरेको पौडेलले जानकारी दिए । चुरेको माटोलाई भू-क्षय तथा पहिरोबाट जोगाउन र चुरे क्षेत्रको संरक्षण गर्न बाँस रोप्नु उपयुक्त हुने उनको भनाइ छ ।



'चुरेको माटो चुरेलाई, चुरेको पानी सबैलाई' भन्ने नाराका साथ चुरे संरक्षणलाई राष्ट्रिय गौरवको आयोजनाको रूपमा राखिएको छ, यसको संरक्षण हुन नसक्दा यहाँको माटो जोगाउन सकिएको छैन,' समितिका अध्यक्ष डा. पौडेलले भने, 'चुरेको माटो जोगाउन सकिएन भने भूक्षय तथा पहिरोका कारण यहाँ खानेपानीको स्रोत सुक्ने र चरम अभाव भोग्नुपर्ने समस्या उत्पन्न हुन सक्छ । माटो बचाउन बाँसले सहयोग पुग्ने र बाँसले जमिनमुनी पानी रिचार्ज भइरहन सहयोग पुग्ने छ ।' बाँस रोपेपछि चुरेका खाली भू-भागको सदुपयोग गर्दै अर्थतन्त्र विकासमा सहयोग पुग्ने उनको भनाइ छ ।

पौडेलले दुई करोड बाँस रोप्न एक सय मिलियन अमेरिकी डलर आवश्यक रहेको जानकारी दिए । 'पूर्वमा एक करोड बाँस रोप्न करिब पचास मिलियन डलर र पश्चिममा सोही संख्यामा बिरुवा रोप्न करिब पचास मिलियन अमेरिकी डलर आवश्यक पर्दछ । हामीले फरक-फरक रूपमा दुईवटा परियोजना बनाएर काम गर्ने योजना बनाएका छौँ,' उनले भने, 'बाँस रोपेर पाँच वर्षमा प्रतिफल प्राप्त हुने भएकाले हरित अर्थतन्त्रमा सुधार आउनेछ ।'

पौडेलले बाँसका बिरुवा उत्पादन गर्ने, रोप्ने र संरक्षणमा लगानी खर्च हुने बताए । आवश्यक लगानीमध्ये, केही वैदेशिक दातासँग अनुरोध गर्ने, केही गैरआवसीय नेपाली तथा केही निजीक्षेत्रसँग पनि लगानीका लागि आह्वान गर्ने उनको भनाइ छ । 'चुरेमा बाँस उत्पादनमा लगानी गर्न इच्छुक वैदेशिक दाताले हात झिके पनि हामी पहल निरन्तर अगाडि बढाउने छौँ', समितिका अध्यक्ष डा. पौडेलले भने, 'आज पनि हामीले केही नयाँ दातृ निकायसँग कुरा राख्यौँ, उहाँहरू सकरात्मक हुनुहुन्छ । अब छलफल अगाडि बढाउने छौँ, चुरेमा बाँस उत्पादनका लागि लगानीको खोजिमा जुटिरेहका छौँ ।' चुरेका नदी आसपासमा बाँस रोपेर ती बिरुवालाई हुर्काउन लागत पनि धेरै लाग्ने उनले जानकारी दिए ।

चुरे क्षेत्रको दोहनका कारण माटो बगाउने, भूक्षय तथा पहिरो गएर माटोको संरक्षण हुन नसकेको भन्दै पौडेलले अन्यन्त्रबाट चुरेमा माटो ल्याएर पनि बाँस रोप्नुपर्ने बताए । यसरी रोप्दा संरक्षण र हेरचान बढी गर्नुपर्ने भएकाले खर्चिलो हुने उनको भनाइ छ । 'यदि चुरे क्षेत्रमा हामीले बाँस उत्पादनलाई प्रथामिकता दिन सक्यौँ भने यहाँको माटो मात्रै संरक्षण भएपछि उक्त क्षेत्रमा बाँसको मात्रै घर पनि बनाउन सकिन्छ,' पौडेलले भने, 'चुरे संरक्षणको गुरुयोजनाले तोकेको भन्दा कम बजेट विनियोजन हुँदा वृक्षरोपणका लागि वित्तीय स्रोतको अभाव भयो । हामी वित्तीय सहयोगका लागि वैदेशिक दातृ निकायको भर पर्नुपरेको हो ।'

पौडेलले चुरे क्षेत्रमा बाँसका बिरुवा उत्पादनको गतिविधिलाई एउटा अभियानको रूपमा अगाडि बढाउने योजना रहेको जानकारी दिए । 'यदि चुरेमा एक सय बाँस रोपिदियो भने बाँसले चुरेका स्थानीय अर्थतन्त्र बढाउन सहयोग गर्दछ,' उनले भने, 'पहिलापहिला चुरे क्षेत्रमा बाँस थिए तर चोरी तथा निकासी र अन्य प्राकृतिक कारण नष्ट हुन थालेपछि लोप हुँदै गयो । अहिले अभियान सञ्चालन गरेर बाँस रोप्न लागेका छौँ ।' समितिका अध्यक्ष पौडेलका अनुसार बाँस रोपेको तेस्रो वर्षदेखि तामा आउने र पाँचौं वा छैटौं वर्ष पुगेपछि बाँस बन्ने भएकाले चुरेमा बाँस उत्पादनलाई कसरी व्यावसायिक रूपमा लैजाने भन्ने विषयमा छलफल भइरहेको छ ।

'पूर्वदेखि पश्चिमसम्म दुई करोड बाँस रापेर पाँच वर्षसम्म संरक्षण गर्‍यौं भने चुरेको अनुहार फेरिन्छ । एउटा बाँसले ७० वर्षसम्म आम्दानी दिन सक्छ । तामाको पनि राम्रो बजार छ, बाँस ग्रामीण जनजीवनसँग जोडिएको छ,' उनले भने, 'बाँसले पाँच वर्षसम्ममा धेरै पूर्वाधारलाई कच्चा पदार्थ दिन सक्छ ।' चुरे संरक्षणका अन्य कार्यक्रम सञ्चालन गर्न पनि लगानीको अभावले चुनौती थपिएको पौडेलको भनाइ छ । उनका अनुसार बाँससँगै रबर तथा फलफूल वृक्षरोपण गर्ने, वन कार्बन परियोजनाअन्तर्गत वृक्षरोपण गरेर वन पैदावारको उत्पादन बढाउने योजनासहित छलफल भइरहेको छ । चुरे क्षेत्रको कार्यक्रम सञ्चालनका लागि आवश्यक लगानीको अभाव रहेकाले दाताकै भर पर्नुपरेको उनको गुनासो छ ।

चुरेविद् विनोद भट्टले बाँसको उत्पादनले चुरे क्षेत्रको संरक्षणमा प्रभावकारी र सकारात्मक नतिजा दिने र हरित अर्थतन्त्र विकासमा समेत सहयोग पुग्ने भएकाले बाँस रोप्ने योजना स्वागतयोग्य रहेको बताए । चुरेको खाली भू-भागको उपयोग गर्दै बाँस रोपेर व्यावसायिक रूपमा बेच्दा मुलुकको आर्थिक समृद्धिमा पनि टेवा पुग्ने उनले बताए । 'बाँसलाई काट्दा पनि त्यसको जराले बलियोसँग माटोलाई समाएर राख्छ, यसले भू-क्षय हुनबाट चुरेलाई जोगाउनेछ,' चुरेविद् भट्टले भने, 'अहिले माइतीघर मण्डलामा चुरेको विनाश रोक्न र पानी उपलब्ध गराउन माग गर्दै चुरेवासी आन्दोलित हुनुहुन्छ । चुरे संरक्षण गर्न बाँसलगायत अन्य वृक्षरोपण गर्न आवश्यक छ ।'

भू-गर्भविद् डा सुवोध ढकालले चुरेमा पहिरो तथा भूक्षयका कारण जमिनमुनीको पानीको सतह पुरिने, पानीको रिचार्ज प्रक्रिया बन्द हुने, स्रोत सुक्ने समस्याले खानेपानीको अभाव बढ्न सक्ने बताए । 'जमिनमुनीको पानीको संरक्षण गर्न चुरे क्षेत्रमा बाँसलगायत अन्य बिरुवा रोप्न उपयुक्त हुन्छ, यसले माटोलाई बगाउन दिँदैन,' उनले भने । वनविद् डा. सोनी बराल गौलीले पनि हरित अर्थतन्त्र वृद्धि गर्न र चुरेको माटो बग्न नदिन बाँस उत्पादन गर्नु उपयुक्त विकल्प रहेकोमा जोड दिइन् ।

**बजेट अभावले चुरे संरक्षणमा समस्या**

२०७४ मा स्वीकृत चुरेको २० वर्षे गुरुयोजनाले तोकेको कार्यक्रम कार्यन्वयनका लागि २ सय ५० अर्ब आवश्यक पर्ने देखाएको छ । १५ जेठ अर्थमन्त्री वर्षमान पुनले प्रस्तुत गरेको आगामी आर्थिक वर्ष २०८१-८२ को बजेटमा चुरे क्षेत्रका लागि एक अर्ब पाँच करोड विनियोजन गरिएको छ ।

गुरुयोजना कार्यान्वयन गर्न औसतमा वार्षिक १२ अर्ब ५० करोड आवश्यक पर्ने भन्दै समितिका अध्यक्ष पौडेलले लगानीको अभाव हुँदा कार्यक्रम अगाडि बढाउन चुनौती थपिएको बताए । आवश्यक लगानीका लागि वैदेशिक दातृ निकायको सहयोग आवश्यक पर्ने भएकाले छलफल भइरहेको उनले जानकारी दिए ।

# जमिनको पूर्जा र घर पाएपछि मुसहर समुदायमा खुशी

**टुडे समाचारदाता**

जनकपुरधाम । वर्षौंदेखि बसोबास गर्दै आएको जमिनलाई समेत कानुनी रूपमा आफ्नो भन्न नपाउँदाको पीडालाई पखाल्दै जमिनको लालपुर्जा र पक्की घर पाउने भएपछि धनुषास्थित मुखियापट्टी मुसहरनिया गाउँपालिकाका मुसहर बस्तीका बासिन्दा खुसी भएका छन् ।

जिल्लाको मुखियापट्टि मुसहरनिया गाउँपालिका-३ स्थित तुलसियाही जब्दीका २२ घरधुरी रहेको उक्त मुसहर बस्तीका बासिन्दासँग आफू बसोबास गर्दै आएको जमिनको लालपुर्जा नहुँदा सरकारको योजना अन्तर्गत निर्माण हुने भवन निर्माण हुन सकेको थिएन । तर फर्स्ट फुड इन्फरमेशन नेटवर्क (फियान) नेपालको पहलमा अहिले उक्त समुदायका बासिन्दाले लालपुर्जा मात्र नभएर गाउँपालिकाले निर्माण गरिदिएको पक्की घर समेत पाउने भएपछि खुसी छन् ।



जमिनको नापी नहुँदा सरकारले घर निर्माण गर्न सकिरहेको थिएन । तर फियानको पहल पश्चात् नापी पनि भयो, लालपुर्जा पनि पाए र गाउँपालिकाले समुदायको २२ घरधुरी मध्ये १० घरधुरी परिवारका लागि भनेर घर निर्माण समेत गर्न लागेको छ । गाउँपालिकाले बाँकी रहेका परिवारको घर भने आगामी आर्थिक वर्षमा तयार गर्ने जनाएको छ ।

लामो समयपछि आफ्नो नामको लालपुर्जा र उक्त जमिनमा पक्की घरसमेत बनेको पाउँदा निकै हर्षित छन् मुखियापट्टि मुसहरनिया गाउँपालिका वडा-३ की सुकमरिया देवी सदा । उनी भन्छिन्-'अहिलेसम्म लालपुर्जा नभएकै जमिनमा मौखिक रूपमा आफ्नो भन्दै कच्ची (फुस)को घर बनाएर बसिरहेको थियौं, जसले गर्दा गर्मीमा आगलागी, वर्षयाममा हुरी बतास र वर्षातमा पानीले बगाउला भन्ने डर सधैं भरी रहिरहन्थ्यो । "तर अब आफ्नै नामको लालपुर्जा भएको जमिन र त्यसमा पनि पक्की घर बन्न थालेपछि निकै खुसी भएका छौं ।" ढिलै भएपनि कानुनी रूपमा आफ्नो जग्गा भन्ने अधिकार पाएकोमा खुसीको सीमा छैन", सुकमरियाले भनिन् ।

त्यही वडाका अर्का बासिन्दा दुखी सदा भन्छन्, "वर्षौंपछि कानुनी रूपमा आफ्नो जमिनलाई आफ्नो भन्न पाएका छौं, जमिनको नापी नभएकै कारण लालपुर्जा बिनाको जग्गामा बसोबास गर्दै आएका थियौं, बल्लतल्ल नापी भएपछि गाउँपालिकाले पक्की घर पनि बनाउँदै छ, जग्गाधनी पुर्जा र पक्की घर पाउँदा नेपालमै केही गर्ने सोच आएको छ ।"

भविष्य उज्ज्वल हुने विश्वास गरेका छौं, जमिन र घर आफ्नो भयो, अब युवालाई पनि गाउँमै टिकाउने रोजगारको व्यवस्था भए आफूसहित कोही पुरुष रोजगारीका लागि गाउँ बाहिर जानु नपर्ने दुखी सदा भन्छन् । वर्षौंदेखि बस्दै आएको जमिनको लालपुर्जा नहुँदा विपन्न वर्गले पाउने सुविधा पनि त्यहाँका बासिन्दाले पाउन सकेका थिएनन् । तर, वर्षौंदिनको प्रयासले जग्गाधनी पुर्जासँगै पक्की घर पनि पाउने भएको छुन सुसहर बस्तीका बासिन्दाले ।

साढे तीन कठ्ठा क्षेत्रफलमा बसोबास गर्ने २२ घरधुरीमा एक सय ४० जनसंख्या बस्दै आएका थिए । उनीहरूसँग उक्त जग्गाको लालपुर्जा समेत थिएन तर, फियान नेपालको पहलमा जग्गाको नापी पनि भयो र लालपुर्जा पाए । साथै गाउँपालिकाले २२ घरमध्ये १० घरधुरीको निर्माण प्रक्रिया थालेको छ । जसबाट ७० जना लाभान्वित हुनेछन् । दुई कोठा र एक भान्सा रहेको उक्त घरमा एक परिवार बस्न सक्नेछन् ।

उक्त बस्ती बारे मुखियापट्टि मुसहरनिया गाउँपालिका अध्यक्ष जयकुमार यादवले भने-'बस्तीमा अहिले चापाकल र शौचालयसहित १० घरधुरी निर्माणाधीन अवस्थामा छन् र यसअघि गाउँपालिकाले वडा नं. ५ स्थित चमार समुदायका लागि १८ वटा घरहरूको निर्माण कार्य थालेको थियो ।" अध्यक्ष यादवले दलित, मुहर तथा डोम समुदायका लागि आगामी नीति तथा कार्यक्रममा थप ३० वटा घर निर्माण गर्ने योजना रहेको बताए ।

मुसहर समुदायलाई उनीहरूको जग्गाको लालपुर्जा र घर दिलाउने कार्यको नेतृत्व (फियान) नेपालले गरेको थियो भने अनौपचारिक सेवा केन्द्र (इन्सेक) का मधेश प्रदेश संयोजक राजु पासवान तथा राष्ट्रिय मानव अधिकार आयोग मधेश प्रदेशका प्रमुख मन्जु खतिवडाको समेत महत्वपूर्ण भूमिका रहेको थियो ।

# अवैध उत्खननको छानबिन सुरु

**टुडे समाचारदाता**

जनकपुरधाम । जिल्ला प्रशासन कार्यालय धनुषाले बटेश्वर गाउँपालिका-१ स्थित बडहडी खोलामा अवैधरुपमा भएको बालुवा र गिट्टी उत्खननको छानबिन प्रक्रिया अगाडि बढाएको छ ।

प्रमुख जिल्ला अधिकारी राजुराज कडरियाले छानबिनका लागि जिल्ला समन्वय समिति धनुषाका इञ्जिनीयरको संयोजकत्वमा तीन सदस्यीय समिति गठन गरिएको र समितिमा हुलाकी सडक निर्देशनालय र बटेश्वर गाउँपालिकाका एक-एक जना प्राविधिक रहेको जानकारी दिए । समितिलाई खोला उत्खनन भएको स्थल तथा उत्खनन गरी ढुङ्गा बालुवा थुपारेको स्थानको नापजाँचलगायत कार्यको छानबिन गरी सात दिनभित्र प्रतिवेदन पेस गर्नुपर्ने कार्यादेश दिइएको उनले बताए ।

गाउँपालिकाले बस्ती तथा त्यहाँको पर्यावरणमा असर नपर्ने गरी गत फागुन महिनामा बडहडी खोलामा बालुवा तथा ढुङ्गा झिक्नका लागि ठेक्का लगाएको थियो । महोत्तरीको बर्दिवासको पञ्चधुरा सप्लायर्सले १४ हजार चार सय ४५ घनमिटर नदीजन्य पदार्थ उत्खननका लागि २७ लाख नौ हजार एक सय तीन मा ठेक्का लिएको थियो । सम्झौताविपरीत ठेकेदार कम्पनीले स्काभेटर तथा अन्य ठूला यन्त्रको प्रयोग गरी तीन गुणाभन्दा बढी बालुवा तथा ढुङ्गा झिकेको आरोप लागेको छ ।

**चुरे संरक्षण गरौं**



चुरे पहाडको सबैभन्दा उत्तरमा रहेको महाभारत पर्वत सीमादेखि दक्षिणमा नेपाल–भारतको सिमानासम्मको चुरे, भावर र तराई भूमिलाई चुरे क्षेत्र भनिन्छ । "हिमालय पर्वत श्रृङ्खलाबाट बगेर आएका सामग्रीले बनेको सबभन्दा कान्छो, कमलो र कमजोर पर्वत श्रृङ्खला रहेको क्षेत्र हो । तराई–मधेश र भित्री तराईका जिल्लाहरुको वातावरणीय सन्तुलन कायम गर्न ठूलो योगदान दिएको छ ।

चुरे विनासको प्रमुख कारण अव्यवस्थित बसोबास, वन अतिक्रमण, वन डढेलो, खुला चरिचरण र नदीजन्य पदार्थको दोहन, अनियन्त्रित भौतिक पूर्वाधार निर्माण, भू–क्षय हो । चुरे नासिनु भनेको तराई मधेशको मानव जीवन सङ्कटमा पर्नु हो ।

चुरे क्षेत्रमा पोखरी निर्माण गरी जलसञ्चय, वृक्षारोपण र पानीका स्रोतहरू पुनर्सिर्जना तथा नदी प्रणाली संरक्षण गर्नु आवश्यक छ । चुरेलाई मरुभूमिकरण हुनबाट जोगाउन आजैदेखि जुटौं ।

'चुरेको माटो चुरेलाई, सफा पानी सबैलाई'

मधेश प्रदेश सरकार
आमसञ्चार प्राधिकरण

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८